अमेरिकी राष्ट्रपति ट्रम्पद्वारा चर्चहरु पुन: खोल्न निर्देशन | पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८०१६२६०२६, ९८०१६२६०२५ ०४१५९०१०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com





वर्ष २३ • अंक ५ • २०७७ साल जेठ ११ गते आइतबार (24 May, Sunday, 2020) • मूल्य रु. ५।-


## प्रदेश २ मा क्वारेन्टाइन थपिदै पीसीआर टेस्टमा कमि

**टुडे समाचारदाता**

जनकपुरधाम ।प्रदेश २ मा कोरोना भाइरस संक्रमितहरुको संख्या प्रतिदिन बढदे गएपनि पीसीआर टेस्टमा कमि आएकोछ।

पीसीआर टेस्टका लागि स्वाब संकलनमा कमि आएको छ ।अर्को तर्फ संकलन भएको स्वाबको टेस्टको नतिजा आउनपनि ढिला भइरहेकोछ ।शुक्रवार संकलित २ सय ९४ सहितको २ हजार २ सय ३४ स्वाबको रिर्पोट आउन बाँकी छ ।शनिवार ४ सय ९ स्वाब संकलन गरिएको प्रदेश २ को समाजिक विकास मन्त्रालयले जनाएकोछ।

मन्त्रालयका अनुसार हाल सम्म ७ हजार ९ सय ४५ स्वाब संकलन भएकोमा १ सय ७१ जनामा कोरोना भाइरस पोजिटिव देखिएकोछ ।५ हजार ५ सय ४० जनाको रिर्पोट निगेटिव आएकोछ।

आडीटी विधिबाट हाल सम्म ५ हजार ८ सय ६५ जनाको टेस्ट भएकोमा १२ जनाको पोजिटिव र ५ हजार ८ सय ८९ जनाको निगेटिव रिजल्ट आएको मन्त्रालयले जनाएकोछ।

मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा प्रदेश २ मा २० वटा क्वारेन्टाइन थपिएको छ ।अब क्वारेन्टाइनको संख्या २ सय ४८ पुगेकोछ ।११ हजार ७ सय ८७ बेड रहेको क्वारेन्टाइनमा हाल सम्म ८ हजार १ सय ८९ जना रहेका छन् ।होम क्वारेन्टाइनमा ५ हजार २ सय २० जना रहेको मन्त्रालयले जनाएकोछ।

**नारायणी अस्पतालका मेडिकल सुपरिडेन्टेन्ट डाक्टर मदन उपाध्यायका अनुसार साँझ डिस्चार्ज हुनेमा वीरगन्ज महानगरपालिकाका ३ , बाराका २ र रौतहटका ३ जनागरि ८ जना नेपाली र १ जना भारतीय हुन् ।अस्पतालमा ल्याएर भर्ना गरेपछिको लगातार दोश्रो रिपोर्ट नेगेटिभ आएको र स्वास्थ्य अवस्था पनि सामान्य रहेकाले उनीहरुलाई घर पठाइएको अस्पतालले जनाएकोछ ।**

आइसोलेशनमा ४ सय ५१ बेड रहेकोमा १ सय ७० जना भर्ना छन् ।वीरगञ्जको नारायणी अस्पतालबाट शनिवार साँझ ९ जना निको भएर घर फर्केका छन् ।घर फर्किनेमा ८ जना नेपाली र १ जना भारतीय नागरिक छन् । नारायणी अस्पतालका मेडिकल सुपरिडेन्टेन्ट डाक्टर मदन उपाध्यायका अनुसार साँझ डिस्चार्ज हुनेमा वीरगन्ज महानगरपालिकाका ३ , बाराका २ र रौतहटका ३ जनागरि ८ जना नेपाली र १ जना भारतीय हुन् ।अस्पतालमा ल्याएर भर्ना गरेपछिको लगातार दोश्रो रिपोर्ट नेगेटिभ आएको र स्वास्थ्य अवस्था पनि सामान्य रहेकाले उनीहरुलाई घर पठाइएको अस्पतालले जनाएकोछ।

समाजिक विकास मन्त्रालयका अनुसार वीरगञ्जको आइसोलेशनमा ९७ र जनकपुरधामको आइसोलेशनमा २९ जना रहेका छन् ।सर्लाही जिल्लामा संक्रमितहरुको संख्या बढेपनि आइसोलेशन नभएकाले जनकपुर र बीरगञ्जमा भर्ना गरिदै आएकोछ ।महोत्तरी जिल्लाको आइसोलेशनपनि खाली छ।

## संविधान संशोधन र एमसीसी संसदले पास गर्ने

**टुडे समाचारदाता**

काठमाण्डु ।सरकारले संसदमा दर्ता गरेको संविधान संशोधन विधेयक नेपाली काँग्रेसको समर्थनमा पारित हुने भएकोछ ।सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी(नेकपा)लाई काँग्रेसले संविधान संशोधनमा सघाए वापत संसदले लामो समयदेखि रोकिएको एमसीसी विधेयकलाई पारित गर्ने उच्चस्रोतले जनाएका छन्।

जनता समाजवादी पार्टी(जसपा) का नेताहरुले शनिवार बिहान काँग्रेस सभापति शेरबहादुर देउवासित उनके निवासमा गरेको छलफलमा सहमति जुट्न सकेन् ।जसपाका नेताहरुले प्याकेजमै संविधान संशोधन गर्न सरकारमाथि दवाव दिनकाँग्रेसकोसमर्थन चाहेका थिए ।प्याकेजमै संशोधनहुँदा मधेशी ,आदीवासी, जनजातीहरुको माग सम्बोधन हुने भएकाले सहयोग गर्न नेताहरुले देउवालाई आग्रह गरेका थिए।

तर देउवाले यस सम्बन्धमा पार्टीमा छलफल गर्ने जनाउँदे

> **"काँग्रेसको समर्थनबाट संविधान संशोधन हुने निश्चित भएपछि जसपाका सांसदहरु अनुपस्थित रहने बताइएकोछ ।प्याकेजमा संविधान संशोधनगरि मधेशको असन्तुष्टिलाई संवोधन नगरिए सरकारको प्रस्तावमा समर्थन जनाउन नसकिने एकजना नेताले जनाए ।**

संशोधन विधेयकलाई पारित गर्न सघाउने संकेत गरेको बैठकमा सहभागि एकजना नेताले जनाए।

काँग्रेसको समर्थनबाट संविधान संशोधन हुने निश्चित भएपछि जसपाका सांसदहरु अनुपस्थित रहने बताइएकोछ ।प्याकेजमा संविधान संशोधनगरि मधेशको असन्तुष्टिलाई संवोधन नगरिए सरकारको प्रस्तावमा समर्थन जनाउन नसकिने एकजना नेताले जनाए।

सरकारले हालै सार्वजनिक गरेको नेपालको नयाँनक्साका लागि संविधान संशोधन गर्ने विधेयक संसदमा दर्ता गरेकोछ ।संविधान संशोधन गर्न संसदमा दुई तिहाई बहुमत चाहिन्छ ।काँग्रेसको समर्थनबाट विधेयक पारित हुनेछ।

उच्चस्रोतका अनुसार काँग्रेसले सरकारलाई संशोधनमा सघाउन सदनबाट एमसीसी विधेयक पारित गर्ने शर्त राखेकोछ ।उच्चस्रोतहरुका अनुसार नेकपा सचिवालयको अनौपचारिक बैठकमा त्यसबारे छलफल भएकोछ।

नेकपामा एमसीसी पास नगर्ने पक्षमा केहि नेताहरु रहेपनि अधिकांश नेताहरु समर्थनमा देखिएका छन् ।एमसीसीको बिरोधमा रहेका सभामुख कृष्णबहादुर महरा पदमुक्त भइसकेका छन् ।एमसीसी अमेरिकाको सहयोगसित सम्बद्ध विधेयक रहेकोछ।







पिपरा गाउँपालिका
पिपरा, महोत्तरी, प्रदेश नं. २


## एकै दिन ६८ जना थपिए संक्रमितको संख्या ६ सय नजिक

**टुडे समाचारदाता**

काठमाण्डु ।देशमा कोरोना भाइरस संक्रमितको संख्या शनिवार दिउँसो ५ सय ८४ पुगेकोछ ।स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार शनिबार दिउँसो ३६ जनामा कोरोना भाइरस (कोभिड-१९) संक्रमितको संख्या थपिएकोछ ।बिहान ३२ जनामा कोरोना भाइरस पोजिटिभ पुष्टि भएको मन्त्रालयका प्रवक्ता डा.विकास देवकोटाले जनाएका छन्।

सेती अस्पतालको प्रयोगशालामा बेतडी, शिवनाथ गाउँपालिका ४ जना छन् । आरडीटी पोजिटिभ भेटिएका २२ वर्षिय १ र २७ वर्षिय १ पुरुषको पीसीआर रिपोर्ट पोजिटिभ आएको डा.देवकोटाले जनाए । त्यसैगरी कोसी अस्पतालको प्रयोगशालामा पीसीआर परीक्षण गरिएका भत्रापाको डिल्लीराम मावि क्वारेन्टाइनमा रहेका ३३ वर्षिय पुरुषको रिपोर्ट पोजिटिभ आएको छ।

सर्वाधिक संक्रमित बाँके जिल्लाको नरैनापुर गाउँपालिकामा पुष्टि भएकोछ । राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रयोगशालामा गरिएको परीक्षणमा नरैनापुर मदरसाका ६ जना १७ देखि ३२ वर्षका पुरुषमा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ। त्यसैगरि नरैनापुर-३ बाँकेको राष्ट्रिय प्रावि गोगलीका १५ जनामा पनि कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ।

संक्रमित पुष्टि भएकाहरुमा १६ देखि ३२ वर्षका पुरुष हुन् । नरैनापुर बाँकेके ६ जनाको पीसीआर रिपोर्ट पोजिटिभ आएको छ। उनीहरु

**मन्त्रालयका अनुसार शनिवार बिहानपनि ३२ जनामा कोरोना संक्रमण पुष्टि भएको थियो। राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा गरिएको परीक्षणमा सर्लाही जिल्लाको गोडैता, कविलासी नगरपालिकाका १८, २०, २०, २०, २१, २२, २३, २६, २६, २८, ३३, ३५, ३५ वर्षीय पुरुषमा कोरोना भाइरस संक्रमण पुष्टि भएको प्रवक्ता डा.देवकोटाले जनाए ।उनका अनुसार बारा जिल्लाको करैयामाइ गाउँपालिकाकी ३७ वर्षीया महिलाको रिर्पोटपनि पोजिटिव आएकोछ ।**

२२ देखि ५० वर्षका पुरुष छन्। बर्दियाका १ जना १९ वर्षीय पुरुषको रिपोर्ट पोजिटिभ आएको छ। त्यसैगरी सुर्खेतमा २ पुरुष र १ महिलामा पनि कोरोना भाइरस संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएकोछ।

मन्त्रालयका अनुसार शनिवार बिहानपनि ३२ जनामा कोरोना संक्रमण पुष्टि भएको थियो। राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा गरिएको परीक्षणमा सर्लाही जिल्लाको गोडैता, कविलासी नगरपालिकाका १८, २०, २०, २०, २१, २२, २३, २६, २६, २८, ३३, ३५, ३५ वर्षीय पुरुषमा कोरोना भाइरस संक्रमण पुष्टि भएको प्रवक्ता डा.देवकोटाले जनाए ।उनका अनुसार बारा जिल्लाको करैयामाइ गाउँपालिकाकी ३७ वर्षीया महिलाको रिर्पोटपनि पोजिटिव आएकोछ।

यसैगरि कपिलवस्तुका ८ जना, सर्लाहीका १३ जनामा कोरोना भाइरस पुष्टि भएको थियो। काठमाण्डुका ३५ वर्षीय पुरुषको रिर्पोटपनि पोजिटिव आएकोछ।

त्यसैगरि कपिलवस्तु वाणगंगा नगरपालिकाका १७, १९, २२, २ ९, ३५, ४०, ४२ वर्षीय पुरुष र २७ वर्षीय महिलामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको प्रवक्ता डा. देवकोटाले जनाए।

त्यसैगरी प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला, भैरहवामा गरिएको परीक्षणमा ८ जनामा कोरोना पुष्टि भएको छ। रुपन्देही जिल्लाको गैडहवा र रोहिणी गाउँपालिकाका २०, २०, २४, २४, २७, ३०, ३० र ५५ वर्षीय पुरुषमा कोरोना भाइरसको संक्रमण पुष्टि भएको हो । भरतपुर अस्पताल कोभिड-१९ प्रयोगशाला, भरतपुरमा गरिएको परीक्षणमा ५२ वर्षीय १ जनामा कोरोना भाइरस संक्रमण देखिएको मन्त्रालयले पुष्टि गरेकोछ।

संक्रमितहरु मध्ये पुरुष ५ सय ५ जना र महिला ७९ जना समेत कुल संख्या ५ सय ८४ पुगेकोछ।मन्त्रालयका अनुसार कोरोना भाइरसलाई जितेर ७० जना घर फर्केका छन्। हाल सम्म कोरोना भाइरस संक्रमणको कारण तीन जनाको मृत्युभएको छ।

मन्त्रालयका प्रवक्ता डा.विकास देवकोटाले जनाए अनुसार हाल सम्म पीसीआर विधिबाट ४५ हजार ९ सय ५७ र आरडीटी विधिबाट ८६ हजार २ सय ३५ नमुनाको परीक्षण गरिएको छ। पछिल्लो २४ घण्टामा पीसीआर विधिबाट ३ हजार ४ सय ९४ र आरडीटी विधिबाट ४ हजार १ सय १९ जनाको नमुना परीक्षण गरिएको छ।




'जनमन सँ जनजन धरि'

रेडियो टुडे

९१ मेगाहर्ज

रेडियो टुडे ९१ मेगाहर्ज

समाचार आ मनोरञ्जन लक

निरन्तर १८ घण्टा अहाँक संग




सुझाव आ प्रतिकृयाकऽलेल

०४१-५९०१०१

भिन्सर ५ बजे सँ राति ११ बजे धरि

# चन्द्रपुर नपा-५ मा धानको बिउ वितरण

दिपु मिश्र

चन्द्रपुर । रौतहटको चन्द्रपुर नगरपालिकाका दश वटै वडाले कृषकहरुलाई धानको बिउ वितरण गर्न शुरु गरेको छ ।

शनिबार नगरपालिकाको वडा नम्बर ५ ले कृषकहरुलाई धानको बिउ वितरण गरेको हो ।

वडा नम्बर ५ का पुर्व टोल, थलाही टोल, सुन्दर बस्ति, राजपैडा टोल, चिडिया दह, हस्पिटल टोल लगायतका दुई सय घरधुरीका कृषकहरुलाई सात किलोको दरले १४ क्विन्टल साँवा कतरनी, भदैयाको चैते ५ र राधा ४ सरियन सावित्री जातको बिउ वितरण गरिएको वडा नम्बर ५ का वडाध्यक्ष संजय काफ्लेले बताएका छन् ।



चन्द्रपुर नगरपालिकाले आर्थिक समितिबाट दश वटै वडाका कृषकहरुलाई धानको बिउ बितरण गर्न १६ लाख बजेट बिनियोजन गरेको चन्द्रपुर नगरपालिकाका प्रमुख रामचन्द्र चौधरीले जानकारी दिए ।

चन्द्रपुर नगरपालिकाले हरेक बर्ष नगरका कृषकहरुलाई उन्नत जातको बिउ वितरण गर्दै आएको छ । तर गत बर्षभन्दा यस बर्ष लकडाउनको कारण बिउको परिमाण बढाएर कृषकहरुलाई बिउ वितरण गरेको वडा अध्यक्ष काफ्लेले जानकारी दिए ।

चन्द्रपुर नगरपालिकाले नगरको सम्पुर्ण वडाहरुमा धानको बिउ वितरण गर्न पठाईसकेको छ,भने वडा नम्बर ५ ले बिउ वितरण कार्यक्रिम सम्पन्न गरेको छ ।

# नौ लाख नेपाली रुपैयाँसहित भारतीय पक्राउ

टुडे समाचारदाता

राजविराज । लकडाउन छलेर भारतबाट नेपालतर्फ आइरहेका एक जना भारतीयसँग नौ लाख नेपाली रुपैयाँ सप्तरी प्रहरीले बरामद गरेको छ ।

हनुमाननगर कंकालिनी नगरपालिका १४ रम्पुरा मल्हनियाँस्थित कोशी पलारबाट ती भारतीय पक्राउ परेका हुन् ।

पक्राउ पर्नेमा भारतको बिहार राज्य अन्तर्गत सुपौल जिल्लाको बथनाहा निवासी २८ बर्षीय फुल कुमार मेहता छन् । लक डाउनको समयमा मेहता कोशी पलार हुँदै आइरहेको अवस्थामा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १४ बाट उनलाई रुपैयाँसहित नियन्त्रणमा लिइएको सप्तरी प्रहरीले जनाएको छ ।

भारतबाट नेपाल तर्फ लुकीछिपी आउँदै गर्दा २८ बर्षीय मेहताले हातमा भुन्ड्याउने नाईलनको झोलामा २ किलो चिनीले छोपेर रुपैयाँ ल्याउँदै गर्दा फेला पारिएको सप्तरी प्रहरीका प्रबक्ता एवं डिएसपी तिलक भारतीले जानकारी दिए । उनलाई जिल्ला प्रहरी कार्यालय राजविराजको नियन्त्रणमा राखी थप अनुसन्धान शुरु गरिएको भारतीले बताए ।




## नौतनवा क्वारेन्टाइनमा नेपालीको मृत्यु

कैलाली । भारतीय बजार नौतनवाको क्वारेन्टिनमा रहेका एक नेपालीको मृत्यु भएको छ । रोजगारीका लागि भारत गएका स्याङ्जाका हरिनाश गाउँपालिका -२ का ३४ वर्षीय देवबहादुर थापाको नौतनवास्थित राजीव गान्धी कलेजको क्वारेन्टिनमा आज बिहान मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता खड्कबहादुर खत्रीले जानकारी दिनुभयो ।

यही जेठ ५ गतेदेखि क्वारेन्टिनमा रहनुभएका थापालाई हर्नियाको समस्या रहेको तथा शरीरका विभिन्न भाग सुन्निएकाले शुक्रबार जिल्ला सदरमुकाम महाराजगञ्ज अस्पतालमा उपचारपछि पुनः क्वारेन्टिनमा ल्याइएको नेपाल भारत सीमा स्थित बेलहिया प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक ईश्वरी अधिकारीले बताउनुभयो । रासस

# एउटै गाउँपालिकामा ११३ संक्रमित

राँझा । नेपालमै कोरोनाको खतरा क्षेत्र बन्न पुगेको बाँकेको नरैनापुर गाउँपालिकामा एक जनाको ज्यान जानाका साथै ११३ जनामा कोरोना सङ्क्रमण देखिएको छ । शनिबार मात्रै २७ जना सङ्क्रमित थपिएका छन् । भेरी अस्पताल, नेपालगञ्जमा चाप बढेपछि दाङको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको कोरोना प्रयोगशालामा पठाइएको नमूनाको परीक्षणमा बाँकेको नरैनापुरका २७ जनामा आज कोरोना सङ्क्रमण देखिएको जिल्ला स्वास्थ्य कार्यालय बाँकेका कोरोना फोकल पर्सन नरेश श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँका अनुसार नरैनापुरको मदरसा क्वारेन्टिनमा रहेका ६, नरैनापुर-३ को नेराप्रावि क्वारेन्टिनमा बसेका १५ र नरैनापुर-१ को नेराप्रावि क्वारेन्टिनमा बसेका ६ गरी २७ जनामा शनिबार कोरोना पुष्टि भएको छ । यससहित नरैनापुरमा मात्रै ११३ जनामा कोरोना देखिएको छ । त्यहाँ एक जनाको मृत्यु भएको छ ।

नेपालगञ्जदेखि करीब ३५ किलोमिटर दक्षिणपूर्व राप्तीपारि भारतीय सीमासँग जोडिएको नरैनापुरमा पहिलो पटक भारतबाट आएका आठ जनामा यही जेठ २ गते कोरोना सङ्क्रमण देखिएको नरैनापुरमा एक हप्ताभित्र एक जनाको ज्यान जाने गरी सङ्क्रमितको संख्या ८७ पुगेको थियो । शनिवार १७ जना थप भएको छ ।

ठूलो संख्यामा सङ्क्रमित भेटिएपछि जेठ ५ गतेदेखि नरैनापुर गाउँपालिकालाई पूर्णरुपमा सिल गरी सतर्कता अपनाइएको छ तर सङ्क्रमण रोकिएको छैन । यससँगै जिल्लामा १४२ जनामा कोरोना संक्रमण भएको छ भने २१ जना निको भएर घर फर्किसकेका छन् ।

> **नरैनापुरमा स्थानीयवासीको लापर्वाहीले कोरोना संक्रमण बढ्दै गएको छ । संक्रमितलाई आइसोलेशन अस्पताल ल्याउनमा रोक लगाउँदा तथा क्वारेन्टिनमा अनावश्यक रुपमा हुलहुज्जत गर्दा समुदायस्तरमै कोरोना संक्रमण दैनिक रुपमा बढिरहेको छ ।**

### नरैनापुरमा लापार्वाहीले संक्रमण बढ्दो

नरैनापुरमा स्थानीयवासीको लापर्वाहीले कोरोना सङ्क्रमण बढ्दै गएको छ । सङ्क्रमितलाई आइसोलेशन अस्पताल ल्याउनमा रोक लगाउँदा तथा क्वारेन्टिनमा अनावश्यक रुपमा हुलहुज्जत गर्दा समुदायस्तरमै कोरोना सङ्क्रमण दैनिक रुपमा बढिरहेको छ । कोरोना भाइससम्बन्धी समुदायस्तरमा गलत बुझाइ र पछिल्लो समयमा सङ्क्रमित आइसोलेशनमा बस्न अटेरी गर्दा सङ्क्रमणको जोखिम झन् बढ्दो छ । नरैनापुरका सङ्क्रमितको अटेरीका कारण उनीहरुलाई समयमै आइसोलेशनमा ल्याउन समस्या हुने गरेको जिल्ला स्वास्थ्य कार्यालय बाँकेका कोरोना फोकल पर्सन नरेश श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँका अनुसार शुक्रबार पुष्टि भएका नरैनापुर ३ का सङ्क्रमितले आइसोलेशन कक्षमा आउन नमान्दा शुक्रबार राति १२ बजे १२ जनालाई लिइएको छ भने क्वारेन्टिनबाटै फरार एक जनालाई आज मात्रै फेला पारेर ल्याउन सकिएको छ । स्वास्थ्य र सुरक्षाकर्मी तथा एम्बुलेन्स चालकले आफ्नो ज्यान जोखिममा राखेर काम गरिरहँदा नरैनापुरका सङ्क्रमित र स्थानीयवासीले सहयोग नगरेको उहाँको भनाइ छ । नरैनापुरमा मात्रै शनिबार ८७ जना सङ्क्रमित पुगेका छन् ।

नरैनापुरका बासिन्दा तथा जिल्ला समन्वय समिति बाँकेका प्रमुख अजय श्रीवास्तव शिक्षा, स्वास्थ्य र सचेतनाको कमीका कारण नरैनापुरमा कोरोना सङ्क्रमण बढ्दै गएको बताउनुहुन्छ । बाँकेका प्रहरी उपरीक्षक वीरबहादुर वलीले स्थानीयवासी र अन्य सरोकार पक्षले असहयोग गर्दा नरैनापुरबाट सङ्क्रमितलाई ल्याउन पटकपटक कठिन परिस्थिति आउने गरे पनि आफूहरुले धैर्यपूर्वक काम गरिरहेको बताउनुभयो । बाँकेमा सङ्क्रमितको सङ्ख्या ११६ पुगेको छ ।

### सङ्क्रमितलाई तीन ठाउँमा व्यवस्थापन

बाँकेमा एकैपटक ठूलो संख्यामा देखिएका कोरोना सङ्क्रमितलाई जिल्लाका तीन स्थानमा व्यवस्थापन गरिएको छ । संक्रमितलाई बाँकेको खजुरास्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पतालमा मात्र आइसोलेशन अस्पताल रहेकाले नेपालगञ्जको लायन्स डेण्टल अस्पताल र कोहलपुरको पिपरीस्थित कृषि विकास तालिम केन्द्रमा थप दुई आइसोलेशन केन्द्र तयार गरी सङ्क्रमितको व्यवस्थापन गरिएको स्वास्थ्य कार्यालय बाँकेका फोकलपर्शन नरेश श्रेष्ठले जानकारी दिनुभयो ।

य स अ ि घ नरैनापुरमा फेला परेका आठ जनालाई दाङको बेलझुण्डीस्थित आइसोलेशन अस्पतालमा राखिएको छ । बिरामी भएकालाई आइसोलेशन अस्पताल र बिरामी नभएकालाई आइसोलेशन केन्द्रमा राख्ने नीतिका साथ सङ्क्रमितलाई नेपालगञ्ज, कोहलपुर र खजुरामा स्थानान्तरण गरी व्यवस्थापन गरिएको फोकलपर्शन श्रेष्ठले जानकारी दिनुभयो । धेरै अट्ने आइसोलेशन अस्पताल नभएका कारण सङ्क्रमितलाई तीन ठाउँमा स्थानान्तरण गरी उपचार सेवा प्रदान गरिएको श्रेष्ठको भनाइ छ । स्थानान्तरणका क्रममा नरैनपुरमा र कोहलपुरमा स्थानीयवासीले विरोध गरेका कारण केही समय ढिलाइ भए पनि सङ्क्रमितलाई आइसोलेशन केन्द्रमा व्यवस्थापन गरिएको र सबैको स्वास्थ्यावस्था सामान्य रहेको श्रेष्ठले बताउनुभयो ।रासस

# गुणस्तरहीन चामल बाँडेको आरोप

सिकेन्द्र पासवान

कलेया । कलेया उपमहानगरपालिकामा कुहिएको दाल वितरण गरेको घटना सेलाउन नपाउँदै आदर्श कोतवाल गाउँपालिका वडा नम्बर २ मा राहतमा गुणस्तरहीन चामल बाँडेको स्थानियहरुले आरोप लगाएका छन् ।

वडामा रहेको १ सय ९६ जना मजदुर, गरिब, असहाय र बिपन्नहरुलाई बाँड्नुपर्ने भएपनि १ सय ६६ जनालाई मात्र सो चामल प्रति ब्यक्ति २५ किलोको दरले वितरण गरेको थियो । चामलमा डल्लो निक्लेको भन्दै स्थानियहरुले ईलाका प्रहरी कार्यालय महेन्द्र आदर्श गराएको थियो ।

जिल्लाबाट गएको टोलीले चामलको नमुना नापतोल तथा गुणस्तर बिभाग हेटौडामा पठाएको प्रहरी उपरिक्षक कृष्ण पंगेनीले जानकारी दिए । रिपोर्ट आएपछि प्रक्रिया अगाडी बढाउने एसपी पंगेनीले बताए । कसैले लिखित उजुरी दिएको छैन उनले जानकारी दिए । कुन बिधी र मापडण्डबाट राहत वितरण गरिएको हो स्थानिय राकेश प्रसाद कुसवाहाले सवाल तेर्साए ।

यता वडाअध्य बिनोद राउत कुर्मीले सहपीको लक्ष्मीसंग खरिद गरि बितेको शुक्रबार खजुरिया ल्याउदै गर्दा असिना र पानीले भिजेको बताउँदै पानीका कारण केही चामलमा डल्लो भएको बताए ।

यस्ता चामलहरुको बोरा फिर्ता गरेको र बाँकी चामल सुकाएर खाने योग्य भएको बाडेको बताए । केही ब्यक्तिहरुले मेरो चरित्र हत्या गर्ने काम गरेको भन्दै चामल गुणस्तर ठहरिए आफु सजाय भोग्न तयार रहेको वडाअध्यक्ष कुर्मीले भने ।

# प्रदेश सरकारको ब्याज मिनाह कार्यक्रम भ्रम मात्रै

रञ्जन यादब

बारा । प्रदेश सरकारको ब्याज मिनाह कार्यत्रक्रम भ्रम सृजना मात्रै गरेको साना किसान कृषि संघ बाराले आरोप लगाएको छ । सरकारले चार महिनाको ब्याज मिनाह गर्ने भनेर सस्तो लोकप्रियता कमाउन खोजेको साना किसान कृषि संघ बाराका अध्यक्ष मिश्रीलाल सहनील आरोप लगाउँनुभएको छ । जिल्लागत तहबाटै कार्यान्वय गर्ने गरी न्युन बजेट पठाएको प्रदेश सरकारको राहत घोषणले प्रदेश भित्रका बैंक वित्तिय संस्था र सहकारीहरु धरासाही हुने बताए । यसले सदस्य र संस्थाहरुका विचमा दुरी बढाउनुका साथै विवात सृजना गर्ने काम भएको सहनीको भनाई छ । ।ब्याज मिनाह र कृषिमा राहत अनुदान राहत भन्दा पनी आहत दिने गरी कार्यान्वन गर्न खोजिएकोमा सहनीले आक्रोस पोखे ।

सहकारी तथा बैंकबाट ऋण लिएर कृषि कार्य गर्दै आएका किसानलाई कार्यक्रम घोषण गरेर मखब परे । तर लकडाउनका समयमा धेरैखालको प्रकृया पुरागरी ब्यत्तिगत रुपमा आवेदन माग गरिर निराश बनाएको उनले बताए । धेरै मानिसलाई लम्बेचौडे प्रकृया पुरा गर्दागर्दै राहत कार्यत्रमले आहत दिने उनको बुझाई छ ।

प्रदेश सरकारको भूमिब्यवस्था कृषि तथा सहकारी मन्त्रालयले आगामी जेठ २२ गते सम्म १५ दिनको म्याद तोकी ब्याजमा राहत (मिनाह) माग गर्न सकिने गरी सुचना गरेको छ । ब्याज मिनाह अनुदान लिन बैंक, वित्तिय संस्था एवं सहकारीबाट कृषि कर्जा लिएका सदस्यहरुले तोकिएको प्रकृया पुरागरी कृषि ज्ञान केन्द्र तथा भेटनरी अस्पताल निवेदन दर्ता गराउन भनिएको छ ।

यद्यपी किसानको सहजताका लागि कृषि ज्ञान केन्द्रमा पेश गर्नुपर्ने आवेदन स्थानिय सहकारी संस्थाहरुमा नैपेश गर्नसकिने ब्यवस्था मिलाईएको छ । सदस्य किसानहरुले पेश गरेको निवेदन स्थानिय संस्थाले संकलन गरी एकमुष्ठ कृषि ज्ञान केन्द्र बारामा बुझाउन भनिएको कृषि संघ अध्यक्ष सहनीले बताए ।

प्रदेश २ सरकारले बैंक, वित्तिय संस्था एवं सहकारीबाट कृषि कर्जा लिएका ऋणीहरुलाई २०६७ चैत्र देखी २०७७ असार सम्म ४ महिनाको ब्याज अनुदान माग गर्न आवेदन माग हो । सरकारले कोरोना भाईरस नियन्त्रणका लागि जारी लकडाउनबाट कृषकहरुमा पर्न गएको प्रभाव न्युनिकरण गर्न राहत तथा अनुदानका कार्यत्रक्रम गत चैत्रमा घोषण गरेको थियो ।

प्रदेश सरकारको भूमिब्यवस्था कृषि तथा सहकारी मन्त्रालयले अघि सारेको राहत तथा अनुदान कार्यक्रम निर्देशिका २०७६ अनुसार राहत वितरणका लागि आवेदन गरेका मन्त्रालयले जनाएको हो ।प्रदेश भित्रका कृषि, पशुपंछि, मत्स्य उत्पादन ,प्रशोधन तथा बजारीकरणसँग आवद्ध ब्यक्ति ,उद्योग र फर्ममा लकडाउनबाट पर्न गएको प्रतिकुल प्रभाव न्यूनिकरणका लागि राहत माग गर्न सुचना मार्फत भनेको हो । महिनाको ब्याज मिनाहका लागि किसानहरुले वडाको सिफारिस, बैंक, वित्तिय संस्था तथा सहकारीमा लिएको कर्जाको विवरण बुझाउनु पर्नेछ । यस्तै ऋण लिए गरेको कामको विवरण, २०७६ फागुन सम्मको ऋणको स्टेटमेन्ट र काम गरेको हो होईन प्रमाण पुग्ने कागजात सहित आवेदन माग गरेको हो । तोकिएको समयमा आवेदन दर्ता गराउन नसक्नेहरुले ब्याज मिनाह एवं कृषिमा अनुदान रकम पाउने छैनन् ।

# नेकपा सचिवालय बैठकमा एमसिसीबारे छलफल

काठमाण्डु । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को सचिवालय बैठकमा संविधान संशोधन र मिलेनियन च्यालेञ्ज कर्पोरेशन (एमसिसी) परियोजनाबारे छलफल भएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार अपराह्न बसेको अनौपचारिक बैठकमा संविधान संशोधनको गृहकार्य, हाले जारी गरिएको नयाँ नक्सापछिको राजनीतिक अवस्था, आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेटलगायत सममायिक विषयमा छलफल भएको पार्टीका प्रवक्ता नारायणकाजी श्रेष्ठले जानकारी दिनुभयो ।

सो अनौपचारिक बैठकमा पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली अनुपस्थित हुनुभएको थियो । बैठकमा एमसिसी अध्ययन कार्यदलका तर्फबाट पार्टीका स्थायी समिति सदस्य भीम रावल र परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले आआफ्ना भनाइ राख्नुभएको प्रवक्ता श्रेष्ठले बताउनुभयो ।

नेकपाले वरिष्ठ नेता झलनाथ खनालको संयोजकत्वमा एमसिसी अध्ययनका लागि कार्यदल बनाएको थियो ।रासस

# घरमै बसेर नमाज पढ्न मुस्लिम आयोगको आग्रह

काठमाण्डु । राष्ट्रिय मुस्लिम आयोगले सरकारले जारी राखेको ‘लकडाउन’लाई अक्षरशः पारित गर्दै घरभित्रै बसेर ईदुउल फित्रका अवसरमा नमाज पढ्न आग्रह गरेको छ ।

आयोगका अध्यक्ष समिम मियाँ अन्सारीले कोरोना भाइरसको जोखिम बढ्दै गएकाले घरमै बसेर ईदको नमाज पढ्न आग्रह गर्नुभएको हो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा आज आयोजित नियमित पत्रकार सम्मेलनमा सहभागी भएर अध्यक्ष अन्सारीले सामूहिकरुपमा नमाज पढ्दा कोरोना सङ्क्रमण हुने जोखिम बढी भएकाले घरमै बस्न आग्रह गर्नुभएको हो ।

रमजान महिनाको अन्त्यमा मनाइने प्रमुख पर्व ईदुउल फित्रका दिन मस्जिदमा गई सामूहिक नमाज पढ्ने प्रचलन मुसलमान समुदायमा रहेको छ । रमजानको शुरुका दिनमा पनि आयोगले कोरोना भाइरस सङ्क्रमणको जोखिमलाई मध्यनजर गर्दै घरमै बसेर नमाज पढन् अनुरोध गरेको थियो ।

सबै नागरिकको सुरक्षाका लागि आफ्नो खुशी त्यागेर भए पनि घरमै बसेर नमाज पढ्न उहाँले आग्रह मात्रै गर्नु भएन विपद्को समयमा सरकारको अनुरोधलाई पूर्णरुपमा पालना गर्नसमेत ध्यानाकर्षण गराउनुभयो ।

उहाँले ईदको नमाज पढेपछि छरछिमेकमा पुगी एकअर्कामा शुभकामना आदानप्रदान नगर्न अनुरोध गर्दै देशको कुनै पनि ठाउँबाट आज चन्द्रमा देखिए आइतबार ईदु-उल-फित्र मनाउने नभए सोमबार मात्रै ईदुउल फित्रको नमाज आदा गरिने जानकारी दिनुभयो ।रासस

## तपाईको आज

आचार्य पण्डित : श्री सन्तोष कु. पाण्डेय

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथुन | : शिक्षामा उन्नति । |
| कर्कट | : सुख समृद्धि हुने । |
| सिंह | : नयाँ कार्य हुने । |
| कन्या | : बौद्धिक क्षमता । |
| तुला | : पारिवाहिक सुख । |
| बृश्चिक | : पुरस्कार प्राप्त लाभ । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : अवसर प्राप्त । |
| कुम्भ | : भ्रमण अवसर हुने । |
| मीन | : धन बृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।



## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५२००४४ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |



## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# घरघरमै इद मनाउने तयारी

जलेश्वर । इस्लाम धर्मावलम्बीको महान चाड रमदान (रमजान) महिना सकिने लाग्दा महोत्तरीका बस्तीहरूमा इद-उल-फित्र (बोलीचालीमा इद) को तयारी देखिँदो छ।

हिजरी संवत्को रमदान महिनाको दिनभरि कठोर रोजा व्रत बसेका इस्लाम धर्मावलम्बी सोव्वाल महिनाको पहिलो तारिखमै मनाइने इदको तयारीमा देखिएका हुन् । महोत्तरीसहित मिथिला क्षेत्रमा सोमबार इद मनाउने तयारी छ । सरकारले भने आइतबार सार्वजनिक बिदा दिएको छ।

फरक-फरक भूगोल विशेषमा इदको दिन विगतदेखि नै फरक पर्दै आएको छ । चन्द्रमाको गतिका आधारमा तय गरिने इदपर्व रमदान सकिएपछि शुरु हुने शुक्लपक्षमा पहिलोपटक चन्द्रमा देखिएपछि त्यसको भोलिपल्ट मनाइने इस्लाम परम्परा छ।

सामान्यतया ३० दिन रोजा पूरा भएपछि मनाइने यो पर्व सोमबार मनाइने तयारी रहेको भङ्गाहा नगरपालिका-४ रामनगरका ८० वर्षीय हाजी (मक्का मदिना गएर विशेष धार्मिक विधिसम्पन्न गरेपछि इस्लाम परम्परामा नामको अगाडि थपिने उपाधि) बिहारी अन्सारीले बताउनुभयो।

तोकिएका क्षेत्रका मुख्य मौलाना (धर्माधिकारी)ले चन्द्रमा देखिएको घोषणा गरेर भोलिपल्ट इद मनाउन आह्वान गरेपछि पर्व मनाइने हुँदा कहिलेकहीँ फरक-फरक क्षेत्रमा दिन फरक पर्ने गरेको छ । अहिलेसम्म सोमबार इद मनाइने तयारी भए पनि मौलानाले एक दिनपूर्व नै मनाउन आह्वान गरे सोअनुसार हुने अन्सारीको भनाइ छ।

इद पर्वमा अल्लाह (भगवान्) का नाममा विशेष नमाज (प्रार्थना) अदा (अर्पण) गर्ने इस्लाम परम्परा छ । इदका दिन कुरान (मुख्य धार्मिक ग्रन्थ) मोल्वी (धर्मगुरु)ले वाचन गरेर सद्विचार र सत्कर्ममा रहन प्रेरित गर्छन् । धार्मिक परम्परामा यो मुख्य पर्व भएको हुँदा नयाँ लुगा लगाउने, सेवइ (गहुँको पिठोबाट बनाइएको खाद्यवस्तु) को खिर र मिष्ठान्न परिकार खाने ख्वाउने चलन छ । पर्वका लागि मुस्लिम बस्तीमा अहिलेदेखि नै दूधसहितका सामग्रीको जोहोमा सबै तल्लीन देखिँदा छन् ।

पर्वमा बस्तीभित्रको मस्जिद (धार्मिक अनुष्ठानबाट पवित्र बनाइएको प्रार्थनास्थल) मा सबै पुरुष जम्मा भएर सामूहिक नमाज अदा गर्ने परम्परा भए पनि यसपालि लकडाउनले गर्दा घरघरै यो धार्मिक विधि सम्पन्न गरिने तयारी छ।

इदमा इस्लाम धर्मावलम्बीले गरिब र असहायका लागि 'जकात' (आफ्नो कमाइको २.५ प्रतिशत कोषमा बुझाउने रकम) दिने परम्परा छ।

प्रत्येक बस्तीमा रहेको मस्जिद व्यवस्थापनले यो कोष सञ्चालन गर्ने गरेको इस्लाम धर्मावलम्बी बताउँछन्।

महोत्तरीमा बसोबासको गणनाले मुस्लिम समुदाय तेस्रो ठूलो जनसङ्ख्या भएको समुदाय हो । जिल्लाका सबै १५ वटै स्थानीय तहमा मुस्लिम समुदायको सघन बसोबास रहेको छ ।रासस

# पहिलो महिला न्यायाधीश सिंहको निधन

काठमाण्डु । सर्वोच्च अदालतको पहिलो महिला न्यायाधीश सुशीला सिंह 'शिलु'को ८६ वर्षको उमेरमा निधन भएको छ।

ब्रेन हम्रेजको शल्यक्रियापछि मेडिसिटी अस्पताल नख्खुमा उपचार गरिरहनुभएकी उहाँको शुक्रबार असामयिक निधन भएको हो । उहाँका भतिज प्रदीपलाल श्रेष्ठका अनुसार उहाँको ब्रेन हम्रेजको शल्यक्रिया एकहप्ताअघि सफलतापूर्वक सम्पन्न भएको थियो।

सर्वोच्च अदालतमा विसं २०५८ देखि २०६३ सालसम्म न्यायाधीशका रूपमा काम गर्नुभएकी उहाँ न्यायालयको इतिहासमा पहिलो महिला न्यायाधीश हुनुहुन्थ्यो । उहाँका भतिजका अनुसार आज उहाँको अन्तिम संस्कार गर्ने तयारी भइरहेको छ।

उहाँको दुई छोरा मलखलाल श्रेष्ठ र सितुलाल श्रेष्ठ हुनुहुन्छ । जेठा छोरा मलखलाल जर्मनमा रहेको हुनाले आउन सक्ने सम्भावना हुन्छ कि भनेर एक दिन पर्खिए पनि आउन सम्भव नभएकाले अन्तिम संस्कार गर्न ढिला भएको हो।

राष्ट्रिय मानव अधिकार आयोगले पूर्वसदस्य सुशीला सिंह 'शिलु'को निधनप्रति दुःख व्यक्त गरेको छ।

आयोगका सचिव वेदप्रसाद भट्टराईले शनिबार प्रेस विज्ञप्ति जारी गरी आयोगका पूर्वसदस्य सिंहको यही जेठ ९ गते भएको दुःखद निधनप्रति दुःख व्यक्त गर्दै यस घडीमा आयोगले शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दै दिवङ्गत आत्माको चीरशान्तिको कामना गरेको छ।

सर्वोच्च अदालतको पहिलो महिला न्यायाधीश सिंहले २०६२ जेठ १३ गतेदेखि २०६३ असार २५ गतेसम्म आयोगको सदस्य भई काम गर्नुभएको थियो । आयोगले स्व सिंहको सम्मान र सम्झनामा आयोगको केन्द्रीय कार्यालयमा तीन दिनसम्म आयोगको झण्डा आधा झुकाउने निर्णय गरेको छ। रासस

# मेयरको चन्दा असुली र विगतको 'हिसाबकिताब'

**अनिल तिवारी**

वीरगञ्ज । अहिले प्रदेशको एक मात्र महानगर बन्न सौभाग्य पाएको वीरगञ्ज देशको आर्थिक नगरी मात्र होइन दाताहरुको सहर पनि हो । आजको मितिमा अर्बौ मुल्यांकन हुने धन-सम्पति मानिसहरुले लोक-कल्याणमा दान गरेका कारण यो सहर यो रुपमा छ। यहाँका शिक्षाका मन्दिरहरु, धार्मिक देवालयहरु, दर्जनको संख्यामा रहेका धर्मशालाहरु, शंकाराचार्य गेट, घण्टाघर र नारायणी रंगशाला सबै दाताहरुको हातको परमार्थ हुन्। पछिल्लो समयमा यहाँ सुरक्षानिकायका बिभिन्न इकाइका आधा दर्जन भवन पनि दाताले बनाइ दिए। र, त यो सहर केन्द्रमुखी राज्यका अनेकौं राजकीय दुराग्रहको बावजुद आज यसरी उभिन पाएको छ।

वीरगञ्ज सहरको यस सद्चरित्रसंगै दुई प्रबृतिका मानिसहरु यहाँ देखा पर्छन। पहिलो सरहको सार्थक गुणको सद्उपयोग गर्दै स्रोत साधनलाई एकत्रित र लोककल्याणमा परिचालन गर्ने । अर्को यसैमा ठगी गर्ने र ब्यक्तिगत लाभ उठाउने। वीरगन्जका नगर प्रमुख(मेयर) वियजकुमार सरावगीलाई पहिलो श्रेणीमा गिन्ती गरेके कारण यहाँका जनताले उनको सिरमा ताजपोसी गरे । तर मेयर भएपछि उनी पहिलो किसिममा पर्नेमा जनताको भरोसामा पछिल्लो समयमा खरो उत्रिन सकेका छैनन।

**ताजा प्रकरण**

वीरगञ्जको नारयाणी अस्पताल मातहत अहिले २ वटा कोरोना (कोभिड -१९)को आइसोलेसन अस्पताल संचालनमा छ । यहाँ दैनिक सय भन्दा बढी स्वाबको नमुना परीक्षण गर्न सक्ने खालको पीसीआर मेशिन चालु अवस्थामा छ। प्रदेश २ मा चालु अवस्थामा रहेको र राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको रिपोर्टसंग पुर्णतः मेल खाने रिपोर्ट दिने पीसीआर मेशिन यहाँको नारायणी अस्पतालमा रहेको छ । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. मदन उपाध्यायका अनुसार वीरगन्जमा रहेको पीसीआर मेशिनमा परीक्षण गर्नका लागि अहिले भिटिएम किटको अभाव छ । समाजिक संजालमा समेत वीरगञ्जलाई तत्काले टड्कारो भिटिएम किटको रहेको कुरा नागरिकहरुको साझा आवाज छ। सहरको आवश्यकता र नागरिकको आवाज एकातिर मेयर सरावगीको गतिबिधी अर्कोतिर देखिएको छ। उनले जनतासंग चन्दा/ दातब्यमा पैसा उठाएर अहिले पीसीआर मेशिन किन्ने भनेर अगाडि बढेका छन्। सहर उसै पनि दानी हो, पैसा दिन्छ नै। तर पैसाको सद्उपयोग हुनेमा गम्भीर सवालहरु खडा छन्।

यसको लागि सरावगीले सार्वजनिक अह्वान नै गरेका छन्। जब कि वीरगञ्जमा मेशिन छ, त्यो मेशिनलाई चलाएर जाँचहरु गर्नका लागि आवश्यक पर्ने किटको ब्यापक अभाव छ । फेरी मेशिन नै किन ल्याउन लागिएको भनि चिकित्सक जगत आश्चर्यमा छन्। 'मेशिन ल्याउनु मात्र गुण होइन त्यसको लागि भिटिएम किट पनि चाहिन्छ,' एक चिकित्सकले भने, 'भएकै मेशिनको लागि तत्काले पाँच दश हजार भिटिएम किन्न बरु पहल गरेको भए सार्थक हुने थियो।

**बिगतको हिसाब किताब**

यसअघि पनि मेयर सरावगीले वीरगञ्ज नगरमा आह्वान गरेर पटक पटक चन्दा असुली गरेका छन् । आम्दनीको हिसाब खर्चको लेखाजोखा एक पटक पनि सार्वजनिक गरेका छैनन। नेपाली सेनाको वीरगञ्जस्थित इकाईको सहकार्यमा केही समय अगाडि वीरगञ्ज महानगरपालिकाले एउटा म्याराथन दौड आयोजना गर्दा त्यति बेलापनि सहरमा चन्दा संकलन गरिएको थियो । झण्डै एक करोड रुपैया वीरगञ्जबाट असुली भएको आँकलन गरिएको छ । त्यो रकमको आम्दनी र खर्च कहीकते हालसम्म सार्वजनिक गरिएको छैन।

त्यसभन्दा अगाडि यसभन्दा ठुला ठुलाचन्दा असुलीमा मेयर सरावगी कुनै हिसाबकिताब नदेखाइ अपारदर्शी देखिए । वीरगञ्ज महानगरपालिकामा बडा श्रद्धापुर्वक गायत्री महायज्ञ भयो । यसमा यज्ञको हवन कुण्ड बुकिङ्गदेखि लिएर अनेक शिर्षकमा चन्दा उठाइएको थियो । करिब ३ करोड रुपैयाँ खर्च बताएर त्यसै अनुसार पैसा उठाउने काम पनि भएको थियो । यज्ञमा चार लाख श्रद्धालुले भागलिने भने पनि एक लाख भन्दा कम नै भागलिए। उद्घाटन र समापन दुइटैमा भनिएका प्रमुख अतिथि आएनन। उद्घाटनमा प्रधानमन्त्री र समापनमा राष्ट्रपतिको आउने भनेर चन्दा उठाउन सहज भएको थियो।

राष्ट्रपति र प्रधानमन्त्रीको नाम बेंचेर मात्र यसरी पैसा उठाएको थिएन अझ ४० देशबाट पाहुना आउने भनेर बताइएको थियो । न ४ लाख श्रद्धालु आए, न राष्ट्रपति र प्रधानमन्त्री नै आए, न त बिदेशका ती पाहुना नै देखा परे। पैसा भने भरपुर उठाइयो । आम्दनी र खर्चको हिसाब यसपाली पनि सार्वजनिक गरिएन।

त्यसभन्दा अगाडि उनी मेयर नहुँदै पनि चन्दाको सबभन्दा बढी असुली गर्न भ्याएका थिए। योगऋषी रामदेव जी महराजको शिविर वीरगञ्जमा गराउने बेला उनले ब्यापक असुली गरे । हिसाबकिताब त्यति बेला पनि देखाएनन । आफै उद्योगी ब्यपारी भएको मान्छेले के बेइमानी गर्ला र भनेर त्यतिबेला मानिसहरुले यसलाई हल्का रुपमा लिए। तर पछि उनको प्रबृति दोहरिएपछि मानिसहरुले पुराना कुरा पनि सम्भिन्न थालेका छन्। रामदेव बाबाको योग शिविर गराउन उनले वीरगञ्जका सबै सम्भावित ठाउँबाट पैसा उठाएका थिए। आम्दानी र खर्चको हिसाब गोलमाल भयो।

फेरी ताजा प्रकरणमा कुरा गर्दा अहिले विश्व महामारीको रुपमा कोरोना फैलिएको अवस्था छ। दुर्भाग्यले नेपालमा सबभन्दा बढी यस वीरगंज सहरलाई कोरोनाको चपेटामा परेको छ। यसको रोकथाम र नियन्त्रणमा कुनै कसर बाकी नरहोस भनेर केन्द्र सरकार, प्रदेश सरकार र स्थानीयतह सरकारसंग जनताको आपेक्षा छ। केन्द्रको र प्रदेश सरकारको प्रयास आफ्नो ठाउँमा छ, स्थानीयतहको भुमिका सबभन्दा बढी अहिले मानिसले खोजेका छन् । यस महामारीलाई चन्दा असुलीको अवसर बनाउन लागिएको भनेर शंकाले यहाँ ठाउँ पाएको छ । मेयर सरावगी पहिलो किसिमको नभएर दास्रो किसिमले सहरको दाता प्रबृतिको फाइदा उठाउन लागेका होइनन भन्ने आधार भेंटिदेन।


## वीरगञ्ज महानगरपालिकाको आहवान

वीरगञ्ज लगायत पर्साका सम्पूर्ण नगर तथा गाउँपालिकाहरुमा कोरोनाभाइरस संक्रमण बढ्दो अवस्थामा छ। कोरोनाभाइरसको संक्रमण समुदाय स्तरमा फैलिनुको साथै तेस्रो चरणमा पुगेको छ। यस्तो अवस्थामा संक्रमितहरुको पहिचान र उपचारका लागि तत्काल ठोस कदम चाल्न नसके स्थिति भयावह हुन सक्छ। कोरोनाभाइरसको रोकथाम र नियन्त्रणकालागि परिक्षणलाई तीव्रर्ता दिन आवश्यक छ। त्यसैले पर्साका सम्पूर्ण नगर तथा गाउँपालिकाहरु, उद्योग वाणिजय संघ, गैर सरकारी संघ संस्थाहरु, औद्योगिक प्रतिष्ठानहरु, सेवा ट्रस्ट, उद्योगी, व्यसायी, एवम् सम्पूर्ण पर्सावासी दाजु भाई तथा दिदी बहिनिहरुमा महानगरपालिकाले कोरोनाभाइरस संक्रमणको परिक्षणकालागि पिसीआर मेसिन, किट र भिटिएम खरिद, क्वारेन्टाइन, प्रिआइसोलेसन र कोभिड अस्पताल स्थापन तथा सञ्चालनको लागि चालेको कदममा हातेमालो गर्न विनम्रतापुर्वक आहवान गर्दछौं। महानगरपालिकाले पर्साको नागरिकको जीवन रक्षाको लागि सञ्चालन गरेको यस अभियानमा यहाँहरुको महत्वपूर्ण सहयोगको अपेक्षा गरेका छौं।

सहयोग गर्न

वीरगञ्ज महानगरपालिकाको प्रकोप व्यस्थापन कोषको खाता

खाता नं. 12500307020002

बैंक : राष्ट्रिय वाणिज्य बैंक

शाखा : वीरगञ्ज



विजयकुमार सरावगी

नगरप्रमुख, वीरगञ्ज महानगरपालिका


# बदलीसँगै वर्षाको सम्भावना

काठमाण्डु। स्थानीय वायु र पश्चिमी वायुको प्रभावले अधिकांश स्थानमा बदलीसँगै वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

बङ्गालादेशको आसपासमा अवस्थित अंपुन चक्रवात कमजोर भई न्यून चापीय प्रणालीका रूपमा रहेकाले देशभर बदलीसँगै क्षणिक वर्षाको सम्भावना रहेको मौसमविद् मञ्जु बासीले बताउनुभयो।

पश्चिमी पहाडी भूभागलगायत मध्य तथा पूर्वी भूभागमा सामान्य बदली र बाँकी भूभागमा आंशिक बदली रहेको छ।

दिउँसो देशको पश्चिमी पहाडी भूभागलगायत मध्य तथा पूर्वी भूभागमा सामान्य बदली भई मध्य तथा पूर्वी भूभागका केही स्थान र पश्चिमी भूभागका एक दुई स्थानमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित वर्षाको सम्भावना रहेको उहाँले जानकारी दिनुभयो।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार शनिबार काठमाण्डु उपत्यकाको न्यूनतम तापक्रम २० दशमलव शून्य डिग्री र अधिकतम तापक्रम २८ दशमलव ९ डिग्री सेल्सियस रहेको छ।

सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम १३ दशमलव ५ डिग्री र सबैभन्दा बढी नेपालगञ्जको अधिकतम तापक्रम ३८ दशमलव ५ डिग्री सेल्सियस रहेको छ ।रासस

# उच्च तहका केही माथि अनुसन्धान जारी : सेना

काठमाण्डु । नेपाली सेनाले सङ्गठनभित्र विभिन्न भ्रष्टाचारका घटनामा संलग्न भएको आरोपमा उच्च तहका सैनिक अधिकृतसहितका पदाधिकारीलाई कारवाही र अनुसन्धानको दायरामा लिएको छ। प्रधानसेनापति पूर्णचन्द्र थापाले सङ्गठनमा भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता नीति कार्यान्वयनमा कडाइ गरेपछि उनीहरूलाई अनुसन्धान र कारवाहीको दायरामा तानिएको हो ।सोही क्रममा समरी जनरल सैनिक अदालतले सैनिक आवासीय महाविद्यालय भक्तपुरमा कार्यरत रहँदा सम्पत्ति, अनुशासन र आचरणसम्बन्धी कसुर गरेको अभियोगमा तीन अधिकृतसहित पाँच जनालाई दोषी ठहऱ्याइ कारवाही गरेको छ । सैनिक कल्याणकारी कोषको लगानीमा सञ्चालित उक्त महाविद्यालयमा आर्थिक अनियमितता छानविन गर्न सहायक रथीको अध्यक्षतामा गठित कोर्ट अफ इन्क्वायरी बोर्ड गठन भएकामा उसले दिएको प्रतिवेदनको आधारमा समरी जनरल सैनिक अदालतले उनीहरूलाई दोषी ठहर गरेको थियो।

उक्त महाविद्यालयका तत्कालीन सम्पर्क अधिकृत महासेनानी भुपालमान अधिकारीसहित १८ जनाको मुद्दा पुर्पक्ष गर्न उपरथीको अध्यक्षतामा गठित अदालतले शुक्रबार फैसला गरेको हो । अदालतले महासेनानी अधिकारीले गैरकानूनीरूपमा सम्पति उपार्जन गरेको ठहर गर्दै रु एक करोड ८५ लाख ४० हजार असुलउपर गर्ने निर्णय सुनाएको छ।

प्रमुख सेनानी देवबहादुर क्षेत्रीले पनि आर्थिक अनियमितता गरेको ठहर गर्दै अदालतले दुई वर्ष बढुवा रोक्का गरी निजबाट रु चार लाख ४० हजार असुलउपर गर्ने निर्णय भएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । अदालतले हुद्दा यज्ञराज पोखरेलाई सेवाबाट बर्खास्त गरी अनियमित भएको रु तीन लाख ६० हजार असुलउपर गर्ने फैसला गरेको छ।

त्यस्ते ह ु द ा गणेशबहादुर अधिकारीले आर्थिक अनियमितता गरेको अभियोगमा दोषी ठहऱ्याइ अदालतले दुई वर्ष तलब वृद्धि र ग्रेड रोक्का गरी रु १० हजार असुलउपर गर्ने निर्णय गरेको हो। अदालतले सहसेनानी सुरेन्द्रविक्रम भण्डारीलाई आर्थिक कार्यमा कानूनी प्रक्रिया अवलम्वन नगरेको ठहर गर्दै नसिहत दिने निर्णय सुनाएको छ। सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार सोही मुद्दामा १३ जनाले अभियोगबाट सफाइ पाएका छन्।

सेनाले पारदर्शिता र जवाफदेहिता कायम गर्न तथा दण्डहीनता अन्त्यका लागि सेनाले अनुशासन र आचरण विपरीत गर्नेमाथि छानविनको दायरा बढाएको जनाएको छ । रासस

# दश प्रकारका पाप नाश गर्न गङ्गा दशहरा स्नान शुरु

काठमाण्डु । ज्येष्ठ शुक्ल प्रतिपदादेखि दशमीसम्म दश प्रकारका पाप नाश होस् भनी गरिने गङ्गादशहरा स्नान आजदेखि शुरु भएको छ।

प्रत्येक वर्ष ज्येष्ठ शुक्ल प्रतिपदादेखि दशमीसम्म गोसाइँकुण्ड, पाँचपोखरी, वाग्मती, देवघाट, त्रिवेणीलगायत स्थानका तीर्थ स्थलमा स्नान गरेमा दश जन्मदेखिका पाप नाश हुने शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्रा डा रामचन्द्र गौतमले राससलाई जानकारी दिनुभयो । यस वर्ष कोरोना भाइरसको सङ्क्रमणबाट बच्न जारी बन्दाबन्दीका कारण तीर्थ स्थलमा जान नसके पनि घरमै आह्वान गरेर स्नान गर्न सकिने उहाँले बताउनुभयो।

दश दिनको अवधिमा तीर्थस्थल गएर वा जान नसकेमा घरमै आह्वान गरी स्नान गरेमा दश प्रकारका पाप हरण हुने मान्यता छ। ज्येष्ठ शुक्ल पक्षका दश दिन गङ्गा वा नदी किनारमा गई स्नान गरेमा दश प्रकारका पाप नाश हुने धार्मिक विश्वास छ। कसैले नदिई कुनै वस्तु लिनु, विनायज्ञ हिंसा गर्नु, परस्त्री गमन गर्नु, कठोर वचन बोल्नु, असत्य बोल्नु, परनिन्दा गर्नु, बेमतलबको प्रलाप गर्नु, अरुको सम्पत्ति हडप्ने इच्छा राख्नु, अरुलाई हानी पुऱ्याउने इच्छा राख्नु र विनाकारण दुराग्रह राख्ने जस्ता पाप यस अवधिमा गङ्गा, त्रिवेणी वा नदीमा गई स्नान गरेमा नाश हुने शास्त्रीय मान्यता छ।

यसैका लागि स्वर्गबाट पृथ्वीमा भागीरथीले गङ्गा अवतरण गराएको सम्झनामा देशभरका नदीमा दशहरा स्नान गरिन्छ। यी दश दिनमा वाग्मती र शैलमती मिसिएर बनेको सिद्धगयामा गङ्गादशहरा मेला लाग्ने गर्छ। यस वर्ष भने कोरोना भाइरस सङ्क्रमणबाट बच्न जारी बन्दाबन्दीका कारण बृहत् मेला नलाग्ने भएको छ। सुन्दरीजलको प्राकृतिक सुन्दरतालाई थप आकर्षक बनाइरहेका दुई झरनाको नजिकमा वाग्मती र शैलमतीको सङ्गममा गङ्गादशहरा स्नान गरी भगवान् शैलमतेश्वरको दर्शन गरेमा पापमोचन भई मुक्ति प्राप्त हुने धार्मिक विश्वास छ। बृहत् रूपमा मेला नलागे पनि स्थानीयवासीले सामाजिक दूरी कायम गरी स्नान एवं नदीको पूजा आरधाना गरी पर्व मनाउने भएका छन्।

यस अवधिमा सिद्धगयाका साथै कागेश्वरी मनोहरा र गोकर्णेश्वर नगरपालिकाको सङ्गममा रहेको हत्यामोचनघाट, रसुवाकोगोसाइँकुण्ड,कपिलवस्तुको वाणगङ्गा, नवलपरासीको त्रिवेणीसङ्गाम लगायत देशभरका नदीमा दशहरा स्नान मेला लाग्ने गर्दछ । शरीर, मन र वचनले गरिने दश प्रकारका पाप दश दिने अवधिमा स्नान गरेर नाश हुने विश्वासमा गङ्गा दशहरा भनिएको धर्मशास्त्रविद् गौतमले बताउनुभयो । रासस

# कोरोना कहरमा नहराएको मानवीयता

काठमाण्डु । "हेल्लो ! रामजी सर, लौन मान्छे बेवारिसे बनेर बसिरहेको सडकमा छ, लगिदिनुस्यो, साह्रै बिजोग छ", मानवसेवा आश्रमका अध्यक्ष रामजी अधिकारीलाई यस्तै खालका फोन आजकल दैनिक १० देखि १५ वटा आउँछ । कोरोना कहरका कारण विगतमा जस्तो मानिसको उद्धार गर्न सहज नभए पनि मानिसको तारन्तारको फोनले खिन्न बनाउँछ । उनीहरूलाई आश्रममा ल्याउन पिसिआर परीक्षण पहिलो शर्त हो। यसरी फोन गर्ने मानिसलाई परीक्षणको मतलब हुन्न। उनीहरूको सोच उठाएर लगिदिए हुन्थ्यो मात्रै हुन्छ । एकै फोनमा उठाउन सक्ने सम्भावना हुन्न, त्यसैले कतिपय रिसाउँछन्।

उहाँले लकडाउनको अनुभव सुनाउँदै भन्नुभयो, "पिसिआर गरेपछि भन्नुहोला हामी सेवामा तयार छौं भनेर जवाफ दिन्छौं, तत्काले नउठाएको भनेर कतिपय रिसाउनुहुन्छ, त्यसैले ७७ वटै जिल्लाबाट आउने सबै फोन म आफैंले सम्हाल्ने गरेको छु।" पछि समस्या आउन सक्ने हुँदा उद्धारसम्बन्धी फोनको उहाँ आफैंले सम्बोधन गर्नुहुन्छ । "कोभिड-१९ मा हेलचेक्र्याइँ गर्नु हुन्न भन्नेमा सबै सचेत हुनुपर्छ । राज्यले लागू गरेको स्वास्थ्य मापदण्डलाई अक्षरशः पालना गर्नैपर्छ । सङ्क्रमणदर बढ्दो रहेकाले अझै सचेत हुँदै काम गर्नुपर्ने अवस्था छ। कोरोना कहर मात्रै भनेर नहुने रहेछ। सडकमा दुःख बल्भिएको देख्दा मन कटक्क खान्छ, त्यसै छाड्न मन मान्दैन । " उहाँ भन्नुहुन्छ । आफ्नो प्रयासमा भनेपछि पिसिआई र आरडिटी गरेर उद्धारमा खटिएको बताउनुहुन्छ।

"पीडा देख्दादेख्दै पनि आरडिटी या पिसिआर नगरी उद्धार गर्न सकिएको छैन। मुलुक नै प्रभावित भइरहेको बेला अहिले सडकका मानिसलाई पिसिआर गर्न धौधौ पर्छ । त्यही पनि रिपोर्ट नेगेटिभ भएका ७७ जनालाई हामीले उद्धार गर्न सफल भएका छौं", उहाँले भन्नुभयो । उनीहरूलाई विभिन्न आश्रममा राखिएको छ।

बन्दाबन्दीपछि झन सडकमा मानिस आउने क्रम बढेको अनुभव गर्नुहुन्छ उहाँ । अन्य असङ्गठित मजदुरसमेत सडकमा आइपुगेकाले अवस्था दयनीय बन्दै गएको छ। यो अवस्थामा धेरैलाई अझै उद्धार गर्न सकिएको छैन । तैपनि स्वास्थ्य मापदण्ड अपनाएर आश्रमले लकडाउनको अवधिमा ७७ जनाको उद्धार गरेको छ । लकडाउन नभएको भए काठमाण्डु महानगर सडक मानवमुक्त महानगर घोषणा भइसक्थ्यो । त्यसको तयारीमा दैनिक उद्धार अभियान चलिरहेकै थियो। सबैयोजना कोरोना कहरसँग चकनाचुर भएरको छ।

मानवसेवा आश्रमका प्रवक्ता सुमन बर्तौलाका अनुसार बन्दाबन्दीको समयमा काठमाडौं उपत्यकाको तीन जिल्लाबाट १९ जनाको उद्धार भएको छ। मकवानपुरमा नौ, गोरखामा एक, विराटनगरमा १८, कास्कीमा १५, स्यन्जेमा चार, बागलुङमा चार र सुर्खेतमा सातजनाको उद्धार गरिएको छ।

अझै धेरै सडकमा भए पनि पिसिआर गर्न नसकिएकाले ल्याउन नपाएको आश्रमको अनुभव छ । आश्रममा क्वारेन्टिन छैन। त्यसैले सिधै उठाउन सकिने अवस्था छैन। तैपनि विभिन्न सहयोगी संस्थाले उपलब्ध गराएको स्वास्थ्य सुरक्षा सामग्रीको प्रयोग गर्दै सेवा भने छाडिएको छैन । उनीहरूले अझै मानवीयतालाई हराउन दिएका छैनन्।

उद्धार गर्नका लागि पिपिइ लगाएर आश्रमका अभियानकर्मी खटिन्छन्। हातमा पञ्जा, साथमा सेनिटाइजरसहित मुखमा मास्क लगाएर सडकमा पुग्छन्। भेटिएका बेसहारा सडक मानवलाई उद्धार गर्दा मापदण्डको प्रयोग गर्ने गरिएको छ । उनीहरूलाई पनि सेनिटाइज गरेर मास्क दिएपछिमात्रै उद्धार गर्ने गरिएको छ।

आश्रमले अहिले झण्डै एक हजार १०० जनालाई संरक्षण दिँदै आएको छ । यसरी उद्धार भएका ६०० बढीलाई परिवारमा मिलन गराइएको छ। विसं २०६९ देखि यसरी सेवा थालेकामा हाल सात प्रदेशको ७७ जिल्लामा १९ शाखाबाट सेवा दिइरहेको छ।

**भोकालाई खाना पनि जारी छ**

लकडाउनका कारण असङ्गठित क्षेत्रका मजदुर सडकमा आइपुगे। सडक सेवामा निरिक्षेदा खान नपाएको कुरा सुनेपछि अधिकारीको मन कुँडियो। अनि गत चैत २४ बाट भोकालाई खाना दिने अभियान भक्तपुरबाट शुरु गरिएको थियो । आज ७४औं दिनमा खाना खुवाउने क्रम जारी छ। दैनिक झण्डै ७०० जनालाई खाना खुवाउँदै आएको आश्रमले जनाएको छ। भक्तपुरका विभिन्न स्थानमा गाडी लिएर खाना वितरण गर्ने गरिएको छ। रासस


सूर्तिजन्य पदार्थको सेवनले कोरोना भाइरसको संक्रमण हुने जोखिम बढाउँछ।

सूर्तिजन्य पदार्थको सेवन नगरौं, कोरोना भाइरसको संक्रमण हुनबाट बचौं र बचाऔं।



सूर्तिजन्य पदार्थको सेवनले शरीरको फोक्सो सहित हरेक अंगलाई क्षति पुऱ्याउँछ। यसको सेवनले रोग लाग्नुका साथै अपाङ्गता पनि हुन सक्छ।

कोरोना भाइरसले फोक्सोलाई क्षति पुऱ्याउँछ। सूर्तिजन्य पदार्थ सेवन गर्नेहरुको फोक्सोमा समस्या पहिले नै भैसकेको हुन्छ। कोरोना भाइरसले झन् बढी क्षति पुऱ्याउँछ।

सूर्तिजन्य पदार्थको सेवनले शरीरको रोग प्रतिरोधात्मक शक्तिलाई असर गर्दछ र संक्रमण हुने संभावनालाई बढाउँछ।

राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार केन्द्र।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# राजपा भाँड्ने जसपामा सकृय

राष्ट्रिय जनता पार्टी(राजपा)मा भाँडभैलो गर्नेहरु अहिले जनता समाजवादी पार्टीको संगठनात्मक संरचना निर्माण हुन नदिन सकृय भएका छन् ।६ दल मिलेर बनेको राजपा ५ वौं वर्षमा प्रवेश गरेपनि हाल सम्म जिल्ला अधिवेशन समेत गर्न सकेको छेन् ।पार्टीको विधान समेत तयार हुन सकेको छेन् ।राजपाको महाधिवेशन गराउन कयौं पटक तिथि निर्धारिण भएपनि पालिका स्तरीय कमिटी समेत चयन हुन सकेन् ।राजपा गठन हुँदा बनेको ६ सदस्यीय अध्यक्ष मण्डलको लगातार ३ वर्ष सम्म महन्थ ठाकुर सर्वेसर्वा संयोजक थिए ।उनी संयोजक रहँदा पार्टीको कुनै तहमा संगठन निर्माण हुन सकेन् ।पार्टीलाई संगठनात्मक संरचनामा लग्ने प्रयास उनले गरेनन् ।जिल्ला कमिटीका लागि समेत अयोग्यहरुलाई उनले सोभै केन्द्रिय समिति राखे ।राजपाको केन्द्रिय समितिमा अहिले ७ सय ९४ जना छन् ।१ सय भन्दा बढी त पदाधिकारी नै छन् ।राजपालाई ठाकुरले नेतृत्व दिन असफल भएपछि अध्यक्ष मण्डलले सर्वसम्मतीबाट आलोपालो संयोजकको सहमतिलाई कार्यान्वियन गरे ।ठाकुरलाई संयोजकबाट हटाएर राजेन्द्र महतो संयोज कबनेपछि ठाकुरका केहि अन्धभक्तह्हरुले पार्टी फुटाउने तयारी समेत गरे ।ठाकुर असन्तुष्ट भएर बेठकमा जान छाडे ।महतो संयोजक रहेको दुई महिनामा उनी अधिकांश समय भारतको राजधानी नयाँदिल्लीमा बिताए ।काठमाण्डुमा हुँदापनि बेठकमा सहभागि भएनन् ।त्यसपछि महेन्द्र यादव संयोजक हुँदा उनी बैठकमा जान थाले ।तर यादवले पार्टीको महाधिवेशन गर्न तल्लो तहबाट सदस्यता वितरण र अधिवेशनका लागि गरेको प्रयास विफल भयो ।नेपाली काँग्रेसमा रहँदापनि उनीसँधै पावरमा नै रहे ।राजपामापनि संयोजक रहँदा सम्धी उमाकान्त भ्कालाई प्रदेश प्रमुख बनाए ।आसेपासेको घेराबन्दीमा रहन मनपराउने ठाकुर र उनका वरिपरिका केहि मानिसले जनता समाजवादी पार्टीलाई अगाडी बढन दिन चाहँदेनन् ।राजपा अध्यक्ष मण्डलको बेठकमा अनधिकृत रुपमा पुगेर ठाकुरलाई सर्वेसर्वा बनाउन चलखेल गर्ने नेताहरुको जनतामा पकड छेन् ।समाजवादी पार्टी र राजपाबीच एकिकरणका लागि भएको सहमति विपरित अहिले राजपाका केहि नेताले ठाकुरलाई जनता समाजवादीको सर्वेसर्वा बनाउने कसरतमा जुटेका छन् ।तर उनीहरुले राजपालाई संगठनात्मक संरचनामा जान नदिए जस्तै जसपालाई पनि संगठन बन्नु अगावै भत्काउन लागिपरेका छन् ।तत्कालिन संघीय समाजवादी पार्टीको नेतृत्वगर्ने उपेन्द्र यादवले पार्टीको वडादेखि पालिका, जिल्ला, प्रदेश र केन्द्रलाई पार्टी संरचना अनुसार विधान बमोजिम बनाएकाछन् ।६ नेताले मिलेर गर्न नसकेको काम एक्लेले गर्नेलाई पाखा लगाएर नेतृत्व दिन असफल भइसकेकाहरु जसपालाई पनि राजपा जस्तै बनाउने प्रयासमा लागेका छन् ।दुवे पार्टी एकिकृत भएर अगाडी बढनुपर्ने मधेशी जनताको भावना विपरितको कार्यमा संलग्न हुने नेताहरुले मधेशीको भविष्य भन्दा आफ्ने स्वार्थमा लिप्त भएका छन् ।जसपाको निर्माणमा बाधक बन्नेहरुबाट ठाकुरपनि जोगिनु आवश्यक छ ।

# कोरोना महामारीको दिगो ब्यबस्थापन र स्थानीय तहको आगामी बजेट प्राथमिकता

## स्थानीय आर्थिक बिकासलाइ उच्च प्राथमिकता दिने अवसर



गुरु सुवेदी

अहिले संसार भरि कोरोना माहामारी फैलिएको छ । शक्तिशाली भनेका मुलुकहरुमा सबैभन्दा बढी कोरोनाको प्रभाव परेको छ । बिकसित एबम शक्तिशाली देशहरुपनि बन्दाबंदिको अवस्थामा छन् ।संसारमा सबै खाले उद्योगधन्दा,कलकारखाना, ब्यापार ब्यबसाय बन्द रहेको अवस्था छ । मान्छेको हिडडुल,घुमफिर छैन । मान्छेहरु मान्छेसंग डराउनु पर्ने, नजिक हुन नमिल्ने, हात मिलाएर अभिबादन गर्न,अंकमाल गर्न नमिल्ने,सामाजिक एबम भौतिक दुरी कायम गर्नुपर्ने र आफ्नो स्वास्थ्य प्रति संबेदनशील रहनु पर्ने समय आएको छ। यो एक प्रकारको मानवीय संकट कति दिन वा महिना सम्म हो ? उत्तर सजिलो छैन र हाम्रो देश पनि यो संकट बाट अछुतो छैन जग जाहेर छ।

हाम्रो जस्तो सानो आकारको अर्थतन्त्र भएको देशलाइ कोरोनाले ठुलो प्रभाव पारेको अर्थविदहरुको आकलन छ । अर्थशास्त्रको सिद्दान्त अनुसार एक रुपैया बजारमा बर्षभरि घुम्दा सत्ताइस रुपैया बराबरको पुजी निर्माण हुन्छ भनिन्छ। अर्थ परिचालनको गति अहिले ठप्प भएको हुदा देशको अर्थ ब्यबस्थामा दुइ खर्ब बराबरको क्षति भएको आकलन गरिदै छ। यो अवस्थामा स्थानीय तहले आगामी आर्थिक बर्षको बजेट बनाउदै गरेको हुदा अब परम्परावादी बजेट बनाउने होइन, कोरोनाले हामीलाई सिकाएको पाठ अनुरुप हाम्रो कमि कमजोरी र लगानी गर्नुपर्ने बिषय क्षेत्रको पहिचान एबम विश्लेषण गरेरमात्र स्थानीय तहको आगामी बर्षको नीति कार्यक्रम र बजेट तर्जुमा हुनु पर्ने देखिएको छ।

नेपाल सरकारले असंगठित क्षेत्रमा काम गर्ने श्रमिकहरुलाई, दैनिक ज्याला मजदुरी गरेर साँझ बिहानको छाक टार्ने बर्गलाई राहत उपलब्ध गराउन स्थानीय तहलाई जिम्मेवारी सुम्पिएको छ । यस्तो बर्गको पहिचान अधिकांस पालिकाहरुले गर्नुको सट्टा करिब करिब सबै घरधुरी वा परिवारलाई खाद् द्यान्न वितरण गरेको देखिन आयो। यसको अर्थ हो पालिकासंग आफ्नो क्षेत्रको सबै घरधुरीको बर्गिकरण सहितको विवरण र लगत नराख्नु र प्रकोप कोरोनाका बखत मात्र होइन अन्य प्राकृतिक प्रकोपहरु पनि आउन सक्छन। त्यो बखत पनि जोखिममा पर्ने वा परेका बर्गलाई समेत राहतको कुरा आउछ। तेस्तो समयको लागि समेत पालिकाहरुले तथ्यांकको आधार लिनु पर्ने हुन्छ। तसर्थ पालिकाहरुले सबै भन्दा महत्वपूर्ण सुचना हो भन्ने ठानी पारिवारिक सर्भेक्षण गराई **Data Base** तयार गर्नु पर्ने आवश्यकता खट्किएको छ र यस्तो प्रकारको तथ्यांकले बार्षिक,आवधिक र लामो अवधिको योजना तर्जुमा तथा नीति तर्जुमा लगायतका कार्यमा सहयोग पुग्ने छ।

स्थानीय तह संचालन ऐन २०७४ ले स्थानीय तहको काम कर्तब्य अधिकार, बार्षिक एबम आवधिक योजना तर्जुमाको लागि मार्गदर्शन गरेको छ । यसै अनुरुप स्थानीय तहले आफ्नो योजना बनाउने अभ्यास गरि आएका छन् र अहिलेको महामारीले के सिकायो भने अब पुरानै ढर्राको योजना तर्जुमा नगरी स्थानीय आर्थिक बिकास हुने र गाउमै रोजगारी सिर्जना हुने खालका योजना बनाउनु पर्ने देखियो। विश्वमा आउने आर्थिक मन्दीका कारण बैदेशिक रोजगारीमा रहेका अधिकांस नेपालीले रोजगारी गुमाउने आकलन गरिदै छ। यो जनशक्ति फर्केर नेपाल आएपछि जाने भनेको त कुनै न कुनै पालिका नै हो । तेस्तो जनशक्तिलाई के कस्तो रोजगारीमा लगाउने भन्ने योजना पालिकासंग हुन आवश्यक भैसक्यो। तसर्थ स्थानीय तहको आगामी आर्थिक बर्षको योजना बनाउदा कुन कुन बिषय क्षेत्रलाई महत्व दिने र तद अनुरुप योजना बनाउने भन्ने बिषयमा केहि उदाहरण यहा प्रस्तुत गर्नु सान्दर्भिक हुनेछ।

कृषि उत्पादन र रोजगारी : स्थानीय तहको आगामी बजेट कृषि उत्पादनमा जोड, पशु पालन, पोल्ट्री ब्यबसाय,माहुरी पालन,दुग्ध ब्यबसाय, फल उत्पादन, फुल ( Flower) ब्यबसाय, तरकारी ब्यबसायलाइ (बिपन्न बर्गले जग्गा लिज वा भाडामा लिएर तरकारी अथवा नगदी बालि उत्पादनगरि ब्यबसाय गर्न सक्ने बनाउन सकिने साथै सामुहिक र सहकारी खेति गर्न सकिने ) बढावा दिन मल बिउमा अनुदान, बिउपूजी दिने, घुम्ती कोष संचालन गर्ने, म्याचिंग फन्डको ब्यबस्था, कृषि प्राबिधिक सेवा, कृषि यन्त्र उपकरण सहयोग, कृषि प्रबिधि तालिम जस्ता योजनामा बजेट केन्द्रितगरि कृषि उत्पादन बृद्धी गरेर कृषिमा आधारित स्थानीय रोजगारी सिर्जना गर्न सकिन्छ।

एक गाउ एक उत्पादन : कृषि उत्पादनको हकमा पालिकाले संभाब्यता विश्लेषण गरि एक गाउ एक उत्पादनको पकेट क्षेत्र तोकी कृषि कार्य र बस्तुको उत्पादन गराउन सके उत्पादनमा विशिष्टिकरण हुन जाने देखिन्छ। यसरि कृषि उत्पादन बढाउँन सकेको खण्डमा बजारको खरिद कर्तालाइ सजिलो हुने साथै स्थानीय बजारले यो बस्तु यो गाउमा पाइन्छ भने जानकारी राख्ने हुदा उत्पादनको बजारीकरण स्वस्त हुन जान्छ।

स्वः रोजगारमूलक तालिम : स्थानीय महिला, युबा, बिपन्न बर्गका ब्यक्तिहरुलाई लक्षित गरि स्वयम् रोजगार हुने खालका सिप मुलक तालिम ( प्लम्बिंग, बिजुली वाईरिंग,मोटर र मोटर साइकल मेकानिक्स, इलेक्ट्रिकल मेकानिक्स, मोबाइल मर्मत,कपाल काट्ने, ब्युटिसियन, निर्माण र काठको काम गर्न आवश्यक जनशक्ति तयार गर्ने खालका सिप युक्त तालिम ) CTEVT र सिप बिकास केन्द्र संगको समन्वय एबम सहकार्यमा स्थानीय आवश्यकता अनुसारका सिप पहिचानगरि स्थानीय बजारमा खपत हुने सिपयुक्त जनशक्ति तयार गरेर स्थानीय स्तरमै रोजगारी प्राप्त गर्न सक्ने कार्यक्रमहरुका लागि बजेट बिनियोजन हुनु आवश्यक छ।

लघु उद्द्यम कार्यक्रम : स्थानीय तहमा रहेका गरिव एबम बिपन्न वर्गको पहिचानगरि महिला समूह, युवा समूहहरु मार्फत स साना उद्द्महरु संचालन गराई स्थानीय रोजगारी सिर्जना गर्न सकिन्छ। कृषिमा आधारित ( बास,बेतका सजावटका सामान, फर्निचर, काष्ठकलाका सामग्री, खेर गएको प्लास्टिकबाट बन्ने सामग्री, साना डेरी उद्द्योग, कन्फेक्सनरी, सख्खर उद् द्योग, हस्तकला, वास्तुकला, सोलार, बायो ब्रिकेट, ब्युटी पार्लर, घुम्ती पसल, आदि) स्थानीय स्तरमै कच्चा पदार्थ सहज रुपमा उपलब्ध हुने उद्द्यमहरु संचालन गर्न प्राबिधिक सेवा, तालिम आदिका लागि पालिका स्वयमले बजेटको सहयोग,बैंक तथा वित्तीय संस्था संग तेस्ता समुहहरुलाई जोड्ने र समूह जमानीमा ऋण उपलब्ध गराउने कार्यक्रमहरु पालिकाको बजेट तथा कार्यक्रममा समाबेस हुनु जरुरिछ।

सहकारिताको प्रबर्दन र बिकास : स्थानीय तहले आगामी बजेट मार्फत सहकारी संस्थाहरूलाई कृषि, पर्यटन, उद्योग, ऊर्जा जस्ता प्रत्यक्ष उत्पादनशील क्षेत्रमा परिचालन गर्नु पर्दछ । कृषि तथा ग्रामीण सहकारी संस्थाहरूको उत्पादनलाई बजारीकरण गर्नका लागि सघाउ पुर्याउन विभिन्न बजार तथा बजार सूचना केन्द्रको विकास गर्नुपर्ने देखिन्छ । दलित, महिला, गरिब, सीमान्तकृत, श्रमिकको जीवनस्तरमा सुधार ल्याउन सहकारी पद्धतिको व्यवसायको विकास गर्नु पर्दछ ।सरकार उपस्थित हुन नसक्ने र निजी क्षेत्र आकर्षित नहुने सामाजिक व्यवसायको मर्मअनुसार आधारभूत क्षेत्रमा वस्तु तथा सेवा प्रवाहलाई सुनिश्चित गर्न सहकारीको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । यसका साथै समुदायमा छरिएर रहेको सानो पुँजीलाई एकत्रित गरी उत्पादनशील क्षेत्रमा परिचालन गर्ने, स्थानीय जनतालाई बचत गर्ने बानीको विकास गराउने, समुदायको ससानो पुँजीलाई समुदायमै लगानी गर्न प्रोत्साहन गर्ने, सामूहिक आर्थिक हित तथा नेतृत्व विकास र घरेलु तथा लघु उद्यमको प्रवर्द् धन गर्ने भूमिका महत्वपुर्ण छ।

स्थानीय तहको सहकारीमा आवद्ध विपन्न महिला,सीमान्तकृत,गरिव समुदाय,अपांग भएका, भूमिहिन तथा पिछडिएको समुदाय र श्रमिकहरुलाइ स्वरोजगारमूलक उद्योग तथा ब्यबसाय स्थापनागरि ब्यबसायिक तथा सीपमूलक तालिमद्धारा महिला उद्यमशिलता र नेतृत्वको विकास गर्न सकिन्छ । सहकारी विकास,विस्तार र प्रवर्द्धनको कार्यमा स्थानीय तहको सरकारी ,गैर सरकारी, सहकारी संघ, संस्थाहरु,नागरिक समाज बीच स्थानयि सञ्जाल निर्माण गरी सहकार्य र समन्वयको संस्कृति विकास गर्न जरुरी छ।

स्वास्थ्य संस्थाको स्तरीकरण : कोरोना माहामारिले हाम्रा स्वास्थ्य संस्थाको दक्षता र क्षमता जान्ने अवसर हामीलाई प्राप्त भएको छ ।तसर्थ कुनैपनि माहामारिमा बिरामीको उपचार आफ्नै गाउ ठाउमा हुन सक्ने न्युनतम भौतिक संरचना, उपकरण, सुबिधा र जनशक्तिको ब्यबस्था स्थानीय तहले गर्नु अति आवश्यक देखियो र स्थानीय तहको आगामी बजेटले यस बिषयको संबोधन अबस्य गर्नु पर्दछ।

स्वास्थ्य बिमाको बिस्तार : नेपालको संविधान २०७२ को धारा ३५ मा आधारभूत स्वास्थ्य सेवालाई नेपाली नागरिकको मौलिक हकका रुपमा समेटिएको छ भने संविधानको धारा ५१ 'ज' १५ मा राज्यका नीति निर्देशक सिद्धान्तअन्तर्गत नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै उनीहरुको स्वास्थ्योपचारमा पहुँचको व्यवस्था मिलाउने भनी किटान गरिएको छ । स्वास्थ्य बीमा कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउन स्वास्थ्य बीमा ऐन विसं २०७४ र स्वास्थ्य बीमा नियमावली विसं २०७५ जारी भई कार्यान्वियनको चरणमा रहेका छन्। नेपाली जनताको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच र उपयोगमा सुधार ल्याई स्वास्थ्य बीमाका आधारमा सबैको स्वास्थ्य सेवा सुनिश्चित गर्ने राष्ट्रिय स्वास्थ्य बीमा नीति विसं २०७१ को दीर्घकालीन लक्ष्यअनुसार कार्यक्रम अघि बढाइएको छ। यो नीति अनुसार आफ्नो पालिका क्षेत्रका सम्पूर्ण नागरिकहरुको स्वास्थ्य बिमा गराउने अग्रसरता पालिकाले लिनु पर्ने गरि कार्यक्रम तर्जुमा गर्नु आवश्यक छ र न्युनतम रकममा बार्षिक बिमा हुने र कुनैपनि नागरिक बिरामी हुदा बिमा रकम प्राप्त भै नागरिकलाइ औषधोपचारमा सहजता हुन्छ।

> *नेपाली जनताको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच र उपयोगमा सुधार ल्याई स्वास्थ्य बीमाका आधारमा सबैको स्वास्थ्य सेवा सुनिश्चित गर्ने राष्ट्रिय स्वास्थ्य बीमा नीति विसं २०७१ को दीर्घकालीन लक्ष्यअनुसार कार्यक्रम अघि बढाइएको छ । यो नीति अनुसार आफ्नो पालिका क्षेत्रका सम्पूर्ण नागरिकहरुको स्वास्थ्य बिमा गराउने अग्रसरता पालिकाले लिनु पर्ने गरि कार्यक्रम तर्जुमा गर्नु आवश्यक छ र न्युनतम रकममा बार्षिक बिमा हुने र कुनैपनि नागरिक बिरामी हुदा बिमा रकम प्राप्त भै नागरिकलाइ औषधोपचारमा सहजता हुन्छ । सबै नागरिकलाई साक्षर बनाउने कार्यक्रम : नेपाल सरकारले बिगत देखिने साक्षरता अभियान संचालनगर्दै आएको छ। १५ देखि ६० वर्ष सम्मका सबै नागरिक साक्षर तुल्याउने यो अभियान हो। सरकारले समृद्ध नेपाल सुखी नेपाली भन्ने सोचका साथ् यो अभियानलाइ पनि गाँसेको हो।*

सबै नागरिकलाई साक्षर बनाउने कार्यक्रम : नेपाल सरकारले बिगत देखिने साक्षरता अभियान संचालनगर्दै आएको छ। १५ देखि ६० वर्ष सम्मका सबै नागरिक साक्षर तुल्याउने यो अभियान हो । सरकारले समृद्ध नेपाल सुखी नेपाली भन्ने सोचका साथ् यो अभियानलाइ पनि गाँसेको हो । किनकि निरक्षरता र गरिबी एक अर्काको परिपूरक हुन । गरिबीको अन्त्य भएपछी मात्र सुख र समृद्धि प्राप्त हुन्छ भन्ने ठम्याई हो। सहज र सफल जीवन जिउन साक्षरताको विकल्प छैन। साक्षरताले मानवको अन्तर्निहित प्रतिभा प्रस्फुटन गरेर सक्षमता ल्याउँदछ। सक्षमताले पौखी हातहरूलाई परिमार्जित र परिष्कृत गरेर हरेक व्यक्तिको जीवनमा आमूल परिवर्तन गर्छ। उसमा सूचना र प्रविधिको जानकारी राख्ने क्षमतामा वृद्धि हुन्छ। साक्षरताले आत्मबल र आत्मविश्वासमा बढोत्तरी भई एक सफल र सबल नागरिकका रूपमा जीवनयापन गर्न अहम् भूमिका खेल्दछ। यसर्थ सबै पालिकाहरुले आगामी बजेट तर्जुमा गर्दा आफ्नो पालिकालाइ साक्षर तुल्याउने कार्यक्रम तय गर्नु आबश्यक छ।

प्लास्टिक संकलनगरि बिक्रि गर्ने र स्वच्छ्ता कायम गर्ने कार्यक्रम : प्लास्टिक बोतल,झोला,पकेट,आदि जथाभावी फालीएको, छरिएको हामि यात्रा तत्र देख्न पाउछौ। यसले सहर बजार फोहर गरेको एकातर्फ छ भने अर्को तर्फ बातावारण प्रदुषित तुल्याएको छ । प्लास्टिकको उचित ब्यबस्थापन पालिकाले गर्न र गराउन सक्दछन। खासै ठुलो बजेट वा रकमको आवश्यकता छैन। प्लास्टिक टिप्ने समूह खडागरि टिपेर वा खोजेर ल्याएको प्लास्टिक पालिकाले खरिद गरिदिने अथवा घर घरमा प्लास्टिक स्वः संकलन गर्न लगाई पालिकाले प्रत्येक महिना घर घर आफ्नो टिम पठाएर खरिद गर्ने र यसरि खरिद गरि ल्याएको प्लास्टिक नजिकको प्लास्टिक उद्द्योसंग सम्पर्क र समन्वय गरि बिक्रि गर्नु पर्ने छ। यो कार्यले केहि समुहले रोजगारी प्राप्त गर्दछन भने अर्को तर्फ बातावरणमा सकारात्मक असर पुग्ने साथै सहर बजारको सौन्दर्यतामा बढोत्तरी हुन जान्छ। यसर्थ पालिकाले आउने बजेटमा येस्ता कार्यक्रमहरु समेट्न आवश्यक छ ।अन्त्यमा, विज्ञहरुका अनुसार कोरोनाको भय यसको औषधि नआएसम्म रहिरहने छ, उनीहरुले मानव जीवन पद्दतिमा अर्थात ब्यक्तिगत आनिबानीमा सुधार गर्दै लेजानु पर्ने औल्याएका छन्। तसर्थ कोरोनाको महामारीले हामीलाई अहिले सिकाएको पाठ अनुसार स्थानीय तहले यसको समुचित ब्यबस्थापनगर्दै ओझेलमा परेको सामाजिक बिकासका गतिविधिहरु जस्तः रोजगारी सिर्जना गर्ने खालका कार्यक्रमहरु,शिक्षाको गुणस्तर अभिबृद्धि गर्ने, स्वास्थ्य क्षेत्रको बिकास र बिस्तार, कृषि उत्पादनमा जोड, ब्यबसायिक कृषि, सीपयुक्त जनशक्ति तुल्याउने, सहकारीता अभियान मार्फत स्थानीय रोजगारी सिर्जना गरि स्थानीय आर्थीक बिकास गर्ने र पालिकालाई आत्म निर्भर तुल्याउने तर्फ उन्मुख हुनु आजको आवश्यकता हो।

*लेखक आसमान नेपालका सुशासन सल्लाहकार हुन्।*
**guru.subedi@ hotmail.com**

# एलोप्याथिक - आयुर्वेदिक औषधिको अन्तर्क्रीयाबाट निस्कने दुस्प्रभाव



डा जागृत कोइराला

एलोप्याथिक औषधि अर्थात् विज्ञानमा आधारित औषधि जसलाई 'एविडेन्स बेस्ड मेडिसिन वा मोडर्न मेडिसिन' भनिन्छ। एलोप्याथिक औषधिको नामकरण र सुरुवात १८औं सताब्दीमा भएको हो। 'आयुर्वेदिक औषधि' अर्थात् 'जडिबुटीबाट' बनाइएको औषधि आयुर्वेदको एउटा भाग हो, जसको स्रोत अथर्ववेद हो। यो प्राचीनकालदेखि चल्दै आइरहेको छ। दक्षिण एसियामा दुवै एलोप्याथिक र आयुर्वेदिक औषधि उत्तिकै मात्रामा अभ्यास गर्ने गरिन्छ तर यी दुवैबीच हुने अन्तर्क्रीया र त्यसले निम्त्याउन सक्ने दुस्प्रभावको भने अनुसन्धान भएको पाइँदैन।

लगभग ७ प्रतिशत बिरामी एलोप्याथिक औषधि(औषधि बीचको अन्तर्क्रीयाको कारणले अस्पताल भर्ना हुन्छन्। खासमा प्रेस्क्रिप्सनमा जति औषधि बढी लेखिन्छ, त्यति नै औषधिको अन्तर्क्रीया हुने सम्भावना बढ्छ। विशेषगरी बच्चा र वृद्धलाई अन्तर्क्रीया र दुस्प्रभावको जोखिम अलि बढी छ। एलोप्याथिक-आयुर्वेदक औषधि बीचको अन्तर्क्रीयाले आपतकालीन अस्पताल भर्ना हुनुपर्ने हुनसक्छ। एलोप्याथिक-आयुर्वेदिक औषधि बीचको अन्तर्क्रीया दुवै फार्माकोकिनेटिक, फार्माकोडिन्यामिक चरणमा हुनसक्छ। फार्माकोकिनेटिक अन्तर्क्रीया अर्थात् शरीरमा भएको मेटाबोलिक एनजाइम र ट्रान्सपोर्ट प्रोटिन अल्टर गर्दै एउटा औषधिले अर्को औषधिको प्रभाव बढाउने अथवा घटाउने गर्छ र दुस्प्रभाव देखिन्छ। फार्माकोडिन्यामिक अन्तर्क्रीया अर्थात् एउटा औषधिले अर्को औषधिको प्रभाव कम गर्ने, बढाउने र दुवै औषधिको एकमुस्ट प्रभाव देखिन सक्छ। यसले तीन किसिमको नतिजा देखिन सक्छ( मेजर, मोडरेट र माइनर। मेजर भन्नाले प्रमुख अन्तर्क्रीया, यसले ज्यान नै जान पनि सक्छ वा अंगमा हानि पुर्याउँछ। अरु अन्तर्क्रीयाले सामान्य असर मात्र पर्छ, जसको न्यूनीकरण गर्न सजिलो हुन्छ। ६:३० प्रतिशत दुस्प्रभाव औषधि(औषधि बीचको अन्तर्क्रीयाले गर्छ। औषधिको अन्तर्क्रीया रोक्न सकिने र दुस्प्रभाव आउन नदिन सकिने हुँदा यसमा फर्मासिस्टको सक्रियता जरूरी छ।

एलोप्याथिक(आयुर्वेदिक औषधि अन्तर्क्रीयामा तीन वटा ठूला दुस्प्रभाव छन्। जस्तै: ब्लिडिङ रिस्क, हेप्याटो टोक्सिसिटी र कार्डियक टोक्सिसिटी। उदाहरणका लागि यदि सर्पगन्धा र रक्तचाप कम गर्ने एलोप्याथिक औषधि खाँदै हुनुहुन्छ भने औषधिको एकमुष्ट प्रभाव पर्न सक्छ र रक्तचाप कम भई दुस्प्रभाव वा ज्यान जान सक्छ। आयुर्वेदिक ल्याकजेटिव (कब्जियतमा चलाउने औषधि) जस्तै: एलोवेरा, सेन्ना, त्रिफला आदिले एलोप्याथिक औषधिको आन्द्राको ट्रान्जिट समय घटाउँछ र औषधिले काम गर्दैन। अदुवा, लसुन र एनएसएड जस्तै :इबुप्रोफेनको अन्तर्क्रीयाले रक्तश्राव बढाउँछ।

मुसामा गरिएको अनुसन्धानमा तुलसीको पत्ताले कलेजोमा दुस्प्रभाव परेको पाइएको छ। त्यसैले तुलसी र पारासिटामोल (पारासिटामोल हेप्याटो टोक्सिक हो) सँगै प्रयोग गर्दा कलेजोमा समस्या आउनसक्छ, जसलाई हेप्याटो टोक्सिसिटी भनिन्छ। जेठीमधु र गर्भ निरोधक औषधि सँगै प्रयोग गर्दा रक्तचाप बढ्ने, हातखुट्टा सुन्निने हुन सक्छ। जेठीमधु उच्च रक्तचापको औषधि जस्तै: थायाजाइड डायुरिटिक्स सँगै खान मिल्दैन, शरीरमा पोटासियमको मात्रा कम हुन्छ। मेथी र मधुमेहको औषधि सँगै प्रयोग गर्दा मधुमेहमा प्रयोग हुने औषधिले कम काम गरेको पाइएको छ। अश्वगन्धा र मिर्गीमा प्रयोग हुने एलोप्याथिक औषधि सँगै प्रयोग गर्दा अश्वगन्धाले एलोप्याथिक औषधिको प्रभाव कम गर्छ भने डिप्रेसनमा प्रयोग हुने औषधिको प्रभाव बढाँछ।

सबै एलोप्याथिक(आयुर्वेदिक औषधिको अन्तर्क्रीयाले दुस्प्रभाव पार्छ भन्ने चाहिँ होइन। उदाहरणका लागि रिसोरिन भन्ने औषधि क्षयरोगमा प्रयोग गरिन्छ। यसमा पिपला र रिफामपिसिनको (एल्लोप्याथिक औषधि) कम्बिनेसन हुन्छ। यसलाई 'क्याडिल्ला' भन्ने कम्पनीले बनाएको हो। यस्तो दुस्प्रभावबाट बच्न सबैभन्दा उचित उपाय नै फर्मासिस्ट वा चिकित्सकको सल्लाह बिना कुनै पनि औषधि प्रयोग नगर्नु हो। औषधि संवेदनशील वस्तु हो। यसको सही प्रयोगले बिरामीलाई फाइदा पुग्छ भने दुरुपयोग र त्रुटिले नकारात्मक प्रभाव पर्छ। औषधिको प्रयोग भएको ठाउँमा त्रुटि हुने सम्भावना पनि उत्तिकै हुन्छ। औषधिको त्रुटि अर्थात् मेडिकेसन एरोर औषधिको मात्रा नमिल्दा, औषधि खाने समय नमिल्दा, उचित व्यक्तिलाई तोकेको औषधि नखाँदा, उचित अन्तरालमा नाखाँदा दुस्प्रभाव हुन्छ। औषधि( औषधि बीचको अन्तर्क्रीया हुँदा मात्र दुस्प्रभाव हुने होइन। यस्तो त्रुटि चिकित्सकले औषधि लेख्ने बेलादेखि फर्मासिस्टले औषधि दिने बेला र बिरामीले उपभोग गर्ने बेलामा हुन सक्छ।

यस्ता सम्भावित त्रुटिहरुबाट बच्न पश्चिमी देशहरुमा क्लिनिकल फर्मासिस्ट प्रयोग गर्ने गर्छन्। स्वास्थ्य नभई समृद्ध र सुखी बनिन्छ भन्नु केवल मिथ्या हो। समृद्ध नेपाल सुखी नेपालीको नारालाई साँच्चिकै सार्थक बनाउनु छ भने क्लिनिकल फर्मासिस्ट जस्तो प्राविधिक विषयका ज्ञाताहरुलाई उचित मूल्यांकन गर्न जरूरी छ। विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) मा पब्लिस भएको रिसर्च अनुसार क्लिनिकल फर्मासिस्टको इन्टरभेन्सन (प्रयोग) ले औषधिको दुस्प्रभाव भई हस्पिटल भर्ना हुने २७ प्रतिशत बिरामी घटेका छन् र बिरामीको आर्थिक भार पनि कम भएको छ। नेपालमा पनि यो सम्भव छ।

*(सौजन्य :स्वास्थ खबर)*

# अस्पताल आएपछि मनोबल बढ्यो : सङ्क्रमित युवा

सुर्खेत । दैलेखको आठबीस नगरपालिका-१ सात्तलाका ३५ वर्षीय युवकलाई कोरोना सङ्क्रमण पुष्टि भएको पाँच दिनपछि शुक्रबार कोरोना विशेष अस्पताल सुर्खेत ल्याइयो ।

सङ्क्रमितलाई तोकिएका अस्पतालमा नलगी विद्यालयमा बनाइएका मापदण्ड नपुगेका आइसोलेसनमा राखिएको भन्दै चर्को विरोध भएपछि उहाँलाई सो अस्पताल ल्याइएको हो । त्यसअघि ती युवकलाई दैलेखको नारायण नगरपालिका-८ स्थित सरस्वती माध्यमिक विद्यालयमा राखिएको थियो ।

प्रदेश अस्पतालका निर्देशक डा डम्बर खड्काका अनुसार सङ्क्रमित युवा चिकित्सकसहित स्वास्थ्यकर्मीको निगरानीमा हुनुहुन्छ । कर्णालीको पहिलो कोरोना सङ्क्रमित उहाँले प्रदेश अस्पतालमा आएपछि आफ्नो मनोबल बढेको बताउनुभयो । "चिकित्सकहरूले राम्रो उपचार हुन्छ, नआत्तिनुस्, तपाईंलाई सुर्खेत लेजाँदैछौँ भनेर एम्बुलेन्समा बसाल्नुभो", उहाँले दुखेसो पोख्नुभयो, "कोरोना पोजेटिभ भएको सुन्दा मलाई त्यति दुःख लागेन, बरु प्रदेश अस्पतालमा लेजाने भनेर जङ्गलको बीचमा रहेको विद्यालयमा राख्दा साह्रै मन दुख्यो ।"

उहाँलाई विद्यालयको हलमा राखियो । तीन नर्स र एक चिकित्सक अर्को भवनको कोठामा बस्नुहुन्थ्यो । शय्या र एउटा थर्मोमिटरबाहेक अरु केही थिएन । विद्यालयको आइसोलेसनमा रहँदाको अनुभव सुनाउँदै भन्नुभयो, "क्वारेन्टिनबाट नारायण नगरपालिकाको विद्यालयमा ल्याएको दिन रक्तचाप र ज्वरो नापियो, नर्सहरूले मोबाइल नम्बर दिएका थिए, केही अप्ठ्यारो परे फोन गर्नु भनेर, तर फर्केर कोही आएनन्, त्रासैत्रासमा बसेँ, बेला-बेलामा आफैँ ज्वरो नापेर नर्सलाई फोन गरी जानकारी दिन्थेँ ।"परिवार अत्तालिएका छन्, अब बाँच्दैन कि भनेर । "मलाई केही हुँदैन भन्छु तर भित्रभित्रै आफैँलाई भने डर लागिरहेको छ ।

मलाई अस्पताल नलगी यतै स्कूलमै राखेर मार्ने त होइनन् भन्ने मनमा लागिरहन्थ्यो", रासससँगको टेलिफोनमा उहाँले भन्नुभयो, "जब हिजोमात्रै सुर्खेत आइयो, त्यसपछि बाँचिन्छ होला भन्ने अलि आँट आएको छ ।"

सङ्क्रमण पत्ता लागेपछि अस्पतालमा राखेर उपचार गर्नुका साटो उल्टै तनाव दिएको ती युवाको गुनासो छ । आफू पहुँचविहीन दलित समुदायको भएकाले उपचारमा बेवास्ता गरिएको उहाँको बुझाइ छ ।

यही जेठ ३ गते प्रदेश स्वास्थ्य निर्देशनालयबाट खटिएको प्रयोगशालाको टिमले ती युवासहित सात्तला लक्ष्मी मावि क्वारेन्टिनमा रहेका ३९ जनाको स्वाब सङ्कलन गरेको थियो । जेठ ५ गते पिसीआर परीक्षणमा उहाँको नतिजा पोजेटिभ देखिएको थियो ।रासस

# सङ्क्रमित क्षेत्रमा स्वास्थ्य सामग्री पुर्‍याउँदै राज्यमन्त्री

भद्रपुर । प्रदेश नं १ की सामाजिक विकास राज्यमन्त्री जसमाया गजमेरले प्रदेश नं १ कै सबैभन्दा बढी कोरोना सङ्क्रमित झापाको कचनकबल गाउँपालिकामा आज बिहान पुगेर भारतबाट भित्रिएका नेपालीलाई राखिएको क्वारेन्टिनको निरीक्षण गर्नुभएको छ ।

उहाँले सीमाबाट उद्धार गरेर पालिकामा ल्याइएकालाई व्यवस्थित ढङ्गले क्वारेन्टिनमा राखेर कोभिड-१९ को परीक्षणको सहज व्यवस्था मिलाइने बताउनुभयो । हाल कचनकबलका ३३ जना कोभिड-१९ बाट सङ्क्रमित छन् भने भारतका विभिन्न स्थानबाट आएका २१६ जना क्वारेन्टिनमा छन् ।

कोरोना परीक्षणका लागि हाल झापामा आरडिटी किट र पिसिआर किटको अभाव भएको जानकारीमा आएको हुँदा त्यसको पर्याप्त व्यवस्था प्रदेश सरकारले मिलाइरहेको बताउँदै उहाँले समुदायमा सङ्क्रमण फैलिन नदिन उद्धारमा सजगता अपनाउन स्थानीय तहलाई निर्देशन दिनुभयो । राज्यमन्त्री गजमेरले २३ जना सङ्क्रमित फेला परेको कचनकबलको लक्ष्मीप्रसाद देवकोटा मावि र १० जना सङ्क्रमित फेला परेको पथरिया माविमा रहेको क्वारेन्टाइनको निरीक्षण गर्नाका साथै विभिन्न प्रकारका स्वास्थ्य सामग्री प्रदान गर्नुभयो ।

उहाँले स्वास्थ्य कार्यालय झापालाई १६० थान आरडिटी किट र १०० थान एन ९५ मास्क प्रदान गर्नुभयो भने क्वारेन्टिनमा कार्यरत स्वास्थ्यकर्मीका लागि २० सेट पिपिइ र तीन थान ' थर्मल गन' दिनुभयो ।

उहाँले क्वारेन्टिनमा रहेका सर्वसाधारणका लागि १०० थान स्यानिटाइजर र ५०० थान मास्क प्रदान गर्नभयो । उहाँले नेपाल पत्रकार महासङ्घ झापालाई १०० थान एन ९५ मास्क दिनुभयो । रासस

# मुख्यमन्त्री गुरुङसहित सात मन्त्रीको पिसीआर नेगेटिभ



कास्की । गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङसहित सातै जनाको कोभिड-१९ जाँचका लागि गरिएको पिसीआर रिपोर्ट नेगेटिभ आएको छ । यही जेठ ११ गतेका लागि आह्वान गरिएको गण्डकी प्रदेशसभाको बैठकअघि सम्भावित कोरोना सङ्क्रमणको अवस्था जान्नका लागि मङ्गलबार सरकारका मुख्यमन्त्री, मन्त्री, सचिव, कर्मचारीलगायत १४६ जनाको स्वाब सङ्कलन गरिएकामा सबैको नतिजा नेगेटिभ आएको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

त्यसैगरी बजेट अधिवेशन शुरु हुनुअघि सभामुख नेत्रनाथ अधिकारी, उपसभामुख सिर्जना शर्मा, प्रदेशसभा सदस्य, प्रदेशसभा सचिवालयका कर्मचारी तथा प्रदेशसभा सदस्यका स्वकीय सचिव गरी बुधबार ११२ र शुक्रबार थप ४७ जनाको पिसीआर जाँचका लागि स्वाब सङ्कलन गरिएको थियो । उनीहरूको नतिजा आइसकेको छैन । हालको प्रदेशसभा भवन साँघुरो भएकाले सामाजिक दूरी कामय गर्न कठिनाइ भएपछि प्रदेशसभाको बैठक पोखरा सभागृहमा बस्न लागेको छ । बैठकलाई लक्ष्य गरेर हाल सभागृहको मर्मत, रङ्गरोगन तथा सभाहलमा नयाँ कुर्सी जडानको काम भइरहेको प्रदेशसभा सचिवालयका निमित्त सचिव राजेन्द्र न्यौपानेले बताउनुभयो । प्रदेशमा हालसम्म एक हजार ५२० को पिसीआर विधिबाट परीक्षण गरिएकामा परीक्षणको दायरा वृद्धि गरेर तीनदेखि चार हजारसम्म पुर्‍याउने योजना रहेको स्वास्थ्य निर्देशनालयलका निर्देशक डा विनोदविन्दु शर्माले जानकारी दिनुभयो ।

गण्डकी प्रदेशमा अहिलेसम्म पाँच जनामा कोरोना सङ्क्रमण देखिएको छ । सङ्क्रमितमध्ये बागलुङका दुई उपचारपछि निको भएर घर फर्किसकेका छन् भने दुई जनाको चितवनको भरतपुरस्थित कोरोना अस्पताल र एक तीन वर्षीय बालकको काठमाडौँमा उपचार भइरहेको छ ।रासस

# कोरोना सङ्क्रमित महिला जनप्रतिनिधिको बस्ती सिल, प्रत्येक घरमा परीक्षण गर्ने तयारी

भक्तपुर । भक्तपुर नगरपालिका वडा नं ९ की ४२ वर्षीया महिला जनप्रतिनिधिमा पिसिआर परीक्षणमा कोरोना सङ्क्रमण भएपछि जनप्रतिनिधि बस्ने बस्ती सिल गरिएको छ ।

भक्तपुर नगरपालिका जनस्वास्थ्य केन्द्र च्यामासिंहमा



गत ६ गते स्वाब सङ्कलन गरी जनप्रतिनिधि, सफाइ कर्मचारी र स्वास्थ्य कर्मचारीको कोरोना परीक्षण गराउने क्रममा ती महिलाको स्वाब सङ्कलन गरी भक्तपुर अस्पतालमार्फत टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रगोगशालामा पठाइएको थियो ।

प्रयोगशालामा भएको परीक्षणको शुक्रबार राति सार्वजनिक भएको नतिजामा कोरोना पोजेटिभ आएपछि आज बिहान प्रहरीको टोलीले महिला जनप्रतिनिधि बस्ने भक्तपुर नगरपालिका-९ च्यामासिंहबाट ब्रह्मायणी जाने सडकको मालपोत कार्यालय क्षेत्र आसपासका १८ घर रहेको बस्ती सिल गरिएको महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक सविन प्रधानले जानकारी दिनुभयो ।

सङ्क्रमित महिलाले शुरुमा अस्पताल नगई घरमै बस्छु भने पनि पछि नगरपालिकाका अन्य जनप्रतिनिधि र प्रहरीको आग्रहमा उहाँलाई राति पाटन अस्पतालको आइसोलोशनमा लगिएको बताइएको छ । टेकु अस्पताल लैजाने तयारी गरिए पनि सङ्क्रमित महिला मुटु रोगको समेत बिरामी भएकाले पाटन अस्पताल लगिएको हो ।

विगतमा स्वास्थ्य स्वयंसेविका समेत रहनुभएकी सङ्क्रमित महिला नगरपालिकाको बैठक, पार्टीको गतिविधि, राहत वितरणदेखि कोरोना सङ्क्रमणबाट कसरी बच्ने र बचाउने भन्नेबारेमा स्थानीय टोल टोलमा जनचेतनासमेत फैलाउँदै हिँड्ने गरे पनि आफैँ कोरोना सङ्क्रमित भएको स्थानीयवासीको भनाइ छ ।

यसअघि मुटुको शल्यत्रिया गरिसकेको उहाँ स्वास्थ्य परीक्षणका लागि पटक पटक अस्पताल जाने गरेको र अस्पतालबाट वा समुदायमा विभिन्न गतिविधिमा हिँड्ने भएकाले समुदायबाटै पनि सङ्क्रमण भएको हुनसक्ने अनुमान गरिएको छ। सङ्क्रमित महिलाको परिवारको अन्य सदस्यलाई निगरानीमा राखेर आजै स्वाब सङ्कलन गर्ने तयारी गरिएको प्रहरी उपरीक्षक प्रधानले जानकारी दिनुभयो । वडा अध्यक्षलगायत अन्य जनप्रतिनिधिलाई भने आफ्नै घरमा क्वारेन्टाइनमा बसेका छन् ।

जनप्रतिनिधिमा नै कोरोना भाइरस सङ्क्रमण पाइएपछि भक्तपुर नगरपालिका क्षेत्र जोखिम क्षेत्रमा परेको छ । भक्तपुरकी प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले भक्तपुर नगरपालिकाको समुदायस्तरमै कोरोना भाइरस जोखिम बढेकाले जतिसक्दो छिटो परीक्षण बढाउनुपर्ने आवश्यकता रहेकाले नगरपालिकासग यसबारेमा छलफल भइरहेको उहाँको भनाइ थियो ।

प्रजिअ पाण्डेले भन्नुभयो, "भक्तपुर नगरपालिका क्षेत्रभित्र कोरोना सङ्क्रमण फैलिएको हुनसक्ने आशङ्का गरेका छौँ, त्यसैले लकडाउनलाई कडाइ गर्दै प्रत्येक घरको कम्तीमा एकजनाको स्वाब सङ्कलन गरी परीक्षण गर्नेबारेमा नगरपालिकासँग छलफल भइरहेको छ ।" लकडाउन कडाइ गर्दै घरबाट बाहिर निस्कन नदिने अवस्थामा पानी तथा खाद्यान्नलगायतका अत्यावश्यक सामग्री भने टोल टोलमा पुर्‍याएर केही समय कडाइ गरी परीक्षणको दायरा फराकिलो पार्न सकिने उहाँको भनाइ थियो ।

सङ्क्रमित महिला जनप्रतिनिधिकै वडा कार्यालयमा काम गर्ने सचिवको आरडिटी पोजेटिभ देखिए पनि पिसिआर भने नेगेटिभ आएको छ । महिला जनप्रतिनिधिसँगै भक्तपुरको स्थानीय समुदायमा दुई र बाहिरी जिल्लाबाट आएर बस्ने दुई गरी चारजनामा सङ्क्रमणको पुष्टि भएको छ । यद्यपि भक्तपुरमा पहिलोपटक कोरोना भाइरस सङ्क्रमण पुष्टि भएका दुवाकोटका सशस्त्र प्रहरी जवान र मध्यपुरथिमि साथीकोमा बस्ने महिला स्वास्थ्य कर्मचारी भने आइसोलेशनमा उपचारपछि डिस्चार्ज हुनुभएको छ । त्यस्तै काठमाडौँ महानगरपालिकाको फोहर सङ्कलन गर्ने सवारी चालक भक्तपुर-५ योसिंखेलका सङ्क्रमित हुन् । योसिंखेलमा ३५ घरमा गरिएको सिल खुलेको छैन । सङ्क्रमितको घरपरिवारका १२ जनाको कोरोना भाइरस परीक्षण गरिए पनि रिपोर्ट आएको छैन ।

नगरपालिकाको दुईवटा टोलमा कोरोना सङ्क्रमण पुष्टि भए पनि नगरपालिकाभित्रका नागरिक भने अझै पनि लकडाउन उल्लङ्घन गर्ने गरेको, बजारमा बिहान दैनिक भीड लाग्ने गरेको छ । यसलाई नगरपालिका र प्रहरीले रोक्न नसकेको गुनासो बढेको छ ।रासस

# सुत्ने व्यवस्था महानगरको, खाना स्वयंको



भरतपुर । भरतपुर महानगरपालिकाका सबै वडामा कोरोना भाइरसको जोखिम हुन नदिन धमाधम क्वारेन्टिन स्थापना भइरहेको छ । अधिकांश वडामा क्वारेन्टिन स्थापना भइसकेका छन् भने केहीमा निर्माणको अन्तिम चरणमा छन् । सबै वडामा न्यूनतम १० शय्याको क्वारेन्टिन स्थापना गरिएको भरतपुर महानगरपालिकाका प्रवक्ता अरुण पीडित भण्डारीले जानकारी दिनुभयो । उहाँलेमहानगरपालिकाकोनिर्देशनअनुसार २० बढी वडामा क्यारेन्टिन स्थापना भइसकेको बताउनुभयो ।

"हरेक क्वारेन्टिनमा सामाजिक दूरी कायम हुने गरी शय्या राखिएको छ", उहाँले भन्नुभयो, "महानगरले सुत्ने व्यवस्था गरेको छ, खानाको व्यवस्था स्वयं व्यक्तिले गर्नुपर्नेछ ।" उहाँले परिवार नभएकाहरूको हकमा भने सबै व्यवस्था महानगरले गर्ने बताउनुभयो । विशेष गरेर भारतबाट आएकाहरूलाई अनिवार्य क्वारेन्टिनमा बस्नुपर्ने व्यवस्था गरिको उहाँले बताउनुभयो । महानगरमा पहिलो चरणमा २९० शय्याको क्वारेन्टिन निर्माण हुने र आवश्यकताका आधारमा बढाउँदै लैजाने उहाँले जानकारी दिनुभयो ।

यसैबीच वडा नं ६ स्थित केशरबागमा शुक्रबार दुई जनामा कोरोना सङ्क्रमण पुष्टि भएपछि महानगरपालिकाले थप सतर्कता अपनाएको छ । आफ्नै स्थानीय तहमा सङ्क्रमितको सङ्ख्या देखिइसकेपछि थप नगरवासीमा सङ्क्रमण देखिन नदिन महानगरले शुक्रबारदेखि नै थप सतर्कता अपनाउँदै लकडाउन अवधिभर घरभित्रै बसिदिन महानगरले महानगरवासीलाई आग्रह गरेको छ । सङ्क्रमणको जोखिम झन् बढ्दै गएकाले सबैले धैर्यताका साथ घरभित्रै बसेर सहयोग गरिदिन महानगरले सूचना जारी गरेको छ ।

पसल तथा व्यवसाय गर्नेहरूले पनि स्थानीय प्रशासनले तोकेको निश्चित समयसम्म मात्रै सञ्चालन गर्न महानगर प्रमुख रेनु दाहालले आग्रह गर्नुभयो । शुक्रबार थप दुई जनामा कोरोना सङ्क्रमण देखिएपछि चितवनमा मात्रै कोरोना सङ्क्रमितको सङ्ख्या पाँच पुगेको छ ।रासस

# उद्धारको सजगताले सङ्क्रमणबाट जोगियो समुदाय

भद्रपुर । झापाको भारतीय सीमाबाट उद्धार गरी ल्याइएका नेपालीमा कोभिड-१९ को सङ्क्रमण देखिएपनि सरकारी निकायले होसियारीपूर्वक व्यवस्थापकीय कार्य गरेकाले उनीहरूबाट समुदायमा सङ्क्रमण फैलिन पाएको छैन ।

सात दिनयता झापाको काँकडभिट्टा, भद्रपुर, कचनकबल, टाघनडुब्बा र गौरीगञ्ज नाकाबाट एक हजार २०० जना नेपाल प्रवेश गरेकोमा झापाका २०० लाई आफ्नै पालिकाको क्वारेन्टिनमा लगिएको छ । एक हजार विभिन्न होल्डिङ सेन्टर र सीमा नजिकका क्वारेन्टिनमा बसेका छन् ।

भारतबाट आएका ६६ जनालाई विराटनगर र धरानमा पिसीआर परीक्षण गरिँदा ३३ जनामा कोभिड-१९ को सङ्क्रमण पुष्टि भइसकेको छ । ती दक्षिणी गाउँपालिका कचनकबलका हुन् । झापाका कूल सङ्क्रमित ३५ जना हुन् । दुई निको भएर घर फर्किसकेका छन् । सङ्क्रमित सङ्ख्या प्रदेश नं १ कै धेरै हो ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाले सीमाबाट उद्धार गरिएका ३३ जनामा कोरोना सङ्क्रमण भएको पाइए पनि उनीहरूलाई उद्धार गर्दा र क्वारेन्टिनमा पुर्‍याउँदा अत्यन्त सजगता अपनाइएको बताउनुभयो ।

"सीमामा आइपुगेकालाई तत्काल उद्धार गर्‍यौँ", प्रहरी उपरीक्षक कोइराला भन्नुहुन्छ, "व्यवस्थित क्वारेन्टिनमा राख्यौँ, त्यहीकारण उहाँहरूको सम्पर्कबाट समुदाय जोगियो ।" रासस

# नीलसागर आश्रममा हातमुख जोर्न सकस

नेपालगञ्ज । नारायण सुवेदी नीलसागर सेवा आश्रममै बस्नुहुन्छ । आश्रमका वृद्धवृद्धा, बालबालिकालाई खाना तथा औषधि खुवाउने, नुहाइधुवाई गर्न सहयोग पुर्‍याउने काम सुवेदीको दिनचर्याभित्र पर्छ । अहिले भने सुवेदीलाई आश्रमका वृद्धवृद्धा र बालबालिकाको बिहानबेलुकाको हातमुख जोर्ने जोहो कसरी गर्ने चिन्ताले सताउने गरेको छ ।

'अमन' पोखराको एसओएस बालग्राममै हुर्किनुभएको हो । पोखरा–३ नदीपुरमा जन्मिनुभएका अमनले त्यहीँबाट स्नातकसम्मको शिक्षा हासिल गर्नुभएको हो । जन्मेको केही महिनामै आमाको निधनपछि बुवाले अर्कै श्रीमती लिएर हिँडेकाले उहाँलाई स्थानीयवासीको सहयोगमा एसओएस बालग्राममा पुर्‍याइएको थियो । विसं २०५६ देखि नेपाल टेलिकममा सहायक व्यापार अधिकृत अमन जागिरकै सिलसिलामा विसं २०६५ मा नेपालगञ्ज आउनुभएको हो । अनाथालयमा हुर्किनुभएका अमन आफ्नो घर र आश्रम दुवै चलाउनुहुन्छ ।

कोभिड–१९ को महामारीपछि जारी बन्दाबन्दी लम्बिँदै गएपछि मुठ्ठीदानबाट सञ्चालन हुँदै आएको नीलसागर आश्रममा दाताको पहुँच घटेपछि अमनले कर्मचारीको हैसियतबाट नेपाल टेलिकमबाट पाउनुभएको कर्मचारी सुविधाको रकम रु पाँच लाख आश्रमकै लागि खर्चिनुभएको छ । यसका अलावा आफ्नो मासिक तलबको केही प्रतिशत रकम पनि अमनले आश्रमका लागि छुट्याउनु भएको छ । अमनको यो सेवाकार्यलाई उहाँकी धर्मपत्नी यशोदा कुँवरले पनि सघाउनुभएको छ । अमनको व्यक्तिगत आर्थिक लगानीले आश्रमको खर्च धान्न पर्याप्त भने छैन । बन्दाबन्दीले दाताको पहुँच घटेपछि आश्रमलाई खर्च पुर्‍याउने अहिले हम्मेहम्मे परेको छ । प्रदेश नं ५ सरकारको मानवापेक्षी सडकमुक्त कार्यक्रम अनुसार बाँकेका विभिन्न स्थानवाट उद्धार गरिएका बेसहारा, असहाय, ज्येष्ठ नागरिक र बालबालिकालाई अहिले नेपालगञ्जस्थित नीलसागर सेवा आश्रममा राखिएको छ । यसका साथै बाँकेको कोहलपुर र बर्दियामा समेत आश्रमको शाखा सञ्चालनमा रहेकाले अहिले खर्च पुर्‍याउन निकै ठूलो चुनौतीको सामना गर्नुपरेको सुवेदी बताउनुहुन्छ ।

नितान्त मुठ्ठीदानबाट चलेको आश्रमसम्म दानवीरहरूको पहुँच लकडाउनले घटाएपछि नेपालगञ्जको आश्रममा आश्रित ६० मानसिक समस्या भएका वृद्धवृद्धा, नाबालकसहित २५ बालबालिका र सडकवाट उद्धार गरिएका तीन सुत्केरीका लागि बिहानबेलुकाको खानपान र औखतीमूलोमा खर्चको समस्या परिरहेको छ । यसका लागि कोहलपुर आश्रमका २५ मनोसामाजिक अवस्थाका वृद्धवृद्धा र बर्दियाको आश्रममा रहेका १५ जना ९० वर्ष उमेरमाथिका वृद्धवृद्धाको लालनपालनमा चुनौती थपिएको छ ।

लकडाउनका कारण दाताबाट पर्याप्त सहयोग नपाएपछि चामल, दाल, नून, तेल, चिया, चिनी, चाउचाउलगायत खाद्य पदार्थ र ओखतीमूलोको संकट आश्रमलाई परेको संस्थाका सुवेदीले राससलाई बताउनुभयो । उहाँका अनुसार केही समयअघि दाङको भालुवाङ, बर्दियाको चिसापानी र प्युठानबाट सडकमा अलपत्र तीन गर्भवतीले आश्रममा सन्तान जन्माएपछि उनीहरूको स्याहारको चुनौती पनि थपिएको छ । साथै आश्रममा मानसिक असन्तुलन भएकाहरूलाई नियमित औषधि सेवन गराउनुपर्ने तर नेपालगञ्ज बाजारमा नपाइने समस्याले पनि अहिले पिरोल्दै लगेको छ ।

नेपालगञ्ज, कोहलपुर र बर्दियामा भाडाका घरमा सञ्चालित आश्रमले दुई महिनाको घरभाडा पनि तिर्न नसकेको सुवेदीले बताउनुभयो ।

केही समयअघि उच्च अदालत नेपालगञ्ज–दाङ इजलासका न्यायाधीश पवनकुमार शर्मा न्यौपानेले रु ५५ हजार ५५५ र न्यायाधीश ऋषिराज अधिकारीले रु ५१ हजार १५१ सहयोग गरेपछि आश्रमलाई केही राहत भएको छ । सुवेदीका अनुसार आश्रमका आश्रितलाई लागि खाना, खाजा, ओखती र अन्य गरी झण्डै रु तीन लाख खर्च आवश्यक पर्छ । यी सबै खर्च मुठीदानकै सहयोगमा हुने गरेकामा अहिले त्यो घटेकाले आश्रमलाई खर्च धान्न ठूलै चुनौतीको सामना गर्नुपरेको छ ।रासस

# अध्यक्ष दाहाललाई नेपालको अद्यावधिक नक्सा हस्तान्तरण

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई सरकारका तर्फबाट नेपालको अद्यावधिक नक्सा हस्तान्तरण गरिएको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्माकुमारी अर्यालले शनिबार अध्यक्ष दाहाललाई लिम्पियाधुरा, लिपुलेक र कालापानी समावेश गरिएको नक्सा हस्तान्तरण गर्नुभयो । मन्त्री अर्यालले दाहाल निवास खुमलटार पुगेर नेपालको राजनीतिक तथा प्रशासनिक नक्सा प्रदान गर्नुभएको हो ।

सो अवसरमा अध्यक्ष दाहालले नक्सा तयार पार्न खट्ने मन्त्रीसहित मन्त्रालयका सम्पूर्ण कर्मचारीलाई धन्यवाद दिनुभएको थियो । मन्त्री अर्यालले आफूहरू नक्सा प्रकाशनको तयारी अवस्थामा नै रहेको छ । रासस

# प्रदेश सभासदस्यसहित ११ को पिसिआर रिपोर्ट नेगेटिभ

बुटवल । प्रदेश नं ५ को प्रदेशसभा सचिवालयमा बिहीबार आरडिटी विधिमा कोरोना पोजेटिभ देखिएकाहरूको पिसिआर विधिबाट गरिएको परीक्षणमा भने आज नेगेटिभ देखिएको छ ।

प्रदेशसभाको छैटौँ अधिवेशन आजदेखि शुरु हुने मिति तय भएपछि सचिवालयले प्रदेशसभा सदस्य, मन्त्री, सुरक्षाकर्मी, चालक र प्रदेशसभामा नियमित रिपोर्टिङमा जाने पत्रकारसमेतको आरडिटी गरेकामा ११ जनाको पोजेटिभ देखिएको थियो । उक्त परीक्षणमा प्रदेशसभाका दुई सदस्यसहित मन्त्रीका सवारी चालक, प्रदेशसभामा सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीलगायत ११ जनाको आरडिटी पोजेटिभ देखिएपछि सबैलाई बुटवलस्थित कोरिया नेपाल टेक्निकल इन्टिच्युटमा निर्माण गरिएको आइसोलेशन सेन्टरमा राखेर पिसिआर विधिबाट आज परीक्षण गरिएको हो ।

शनिबार गरिएको परीक्षणमा दुई प्रदेशसभा सदस्यसहित सबैको नेगेटिभ नतिजा आएको छ ।रासस

# हेटौँडा अस्पतालका चिकित्सक सहित २२ जना आइसोलेशनमा

चुरियामाई । हेटौँडा अस्पतालबाट यही जेठ ४ मा सिफारिस गरिएको बिरामीमा कोरोना पुष्टि भएपछि हेटौँडा अस्पतालका २२ जनालाई एक हप्ता आइसोलेशनमा राख्ने निर्णय भएको छ ।

अस्पतालमा आज बसेको आकस्मिक बैठकले संक्रमित महिलासँग प्रत्यक्ष सम्पर्क राखेका पाँच चिकित्सक तथा १७ पारामेडिक्सलाई आइसोलेशनमा राख्ने निर्णय भएको हेटौँडा अस्पताल विकास




समितिका अध्यक्ष प्रकाश पौडेलले बताउनुभयो ।

उहाँका अनुसार अस्पतालको बहिरङ्ग उपचार सेवा बन्द गर्नेसमेत निर्णय भएको छ । अस्पतालमा रहेका १५० जना कर्मचारीमध्ये ६६ जनाको स्वाब संकलन गरी परीक्षणका लागि प्रयोगशाला पठाइसकिएको र बाँकीको आजै संकलन गरिने अध्यक्ष पौडेलको भनाइ छ ।

हेटौँडाकी संक्रमित महिलालाई सात दिनअघि महाराजगञ्जस्थित मनमोहन कार्डियो भास्कुलर तथा ट्रान्सप्लान्ट सेण्टरमा सिफारिस गरिएको थियो । सामाजिक विकास मन्त्रालयमा छलफलपछि संक्रमितसँग सम्पर्कमा आएका नर्स, चिकित्सक तथा अन्य व्यक्तिको कन्ट्याक्ट ट्रेसिङ शुरु भइसकेको छ । रासस

# भारतमा कोरोना भाइरसबाट संक्रमितको संख्या १ लाख २५ हजार नाघ्यो

एएफपी

नयाँ दिल्ली । भारतमा शुक्रबारसम्म कोभिड-१९ संक्रमितको संख्या १ लाख २५ हजार १०१ पुगेको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ । शनिबार बिहान जारी तथ्याङ्कअनुसार भारतमा कोभिड १९ बाट मृत्यु हुने व्यक्तिको संख्या ३ हजार ७२० जना पुगेको छ।

यस संक्रमणबाट निको भएका बिरामीको संख्या ५१ हजार ७८४ जना रहेको पनि सो मन्त्रालयले जानकारी दिएको छ। हाल भारतमा ६९ हजार ५९७ जना कोरोना संक्रमित उपचाररत रहेका समाचारमा जनाइएको छ।

कोभिड-१९ बाट सबैभन्दा बढी भारतको महाराष्ट्र राज्यका नागरिक संक्रमित भएका छन्। यहाँमात्र ४४ हजार ५८२ नागरिक कोरोना भाइरस संक्रमित रहेका छन्।

महाराष्ट्रपछि तमिलनाडूमा दोस्रो स्थानमा रहेको छ । त्यहाँ १४ हजार ७५३ जनामा कोरोना भाइरसको संक्रमण रहेका छन् । गुजरातमा १३ हजार २६८ संक्रमति रहेका छन्। दिल्लीमा १२ हजार ३१९ जना कोरोना संक्रमित रहेका छन्। भारतमा करिब दुई महिना यतादेखि कोरोना भाइरस संक्रमण फैलिने डरले लकडाउन जारी रहेको छ।



कोरोना भाइरसको संक्रमण क्रम नरोकिएपछि भारत सरकारले देशव्यापी रुपमा गरेको लकडाउनलाई मे ३१ सम्म जारी रहने घोषणा गरेको छ । कोरोना भाइरस नियन्त्रण र रोकथामको लागि लकडाउनको चौथो चरण आगामी मे ३१ सम्म जारी रहने भारत सरकारले जानकारी दिएको हो।

भारतीय गृह मन्त्रालयले गत २४ मार्चदेखि लागू गरिएको लकलडाउन थप १४ दिनको लागि बढाउने निर्णय गरेको छ । भारतमा पहिलो चरणको लकडाउन गत २४ मार्चमा लगाइएको थियो । दोस्रो चरण लकडाउन १५ अप्रिलमा शुरु भएको थियो । तेस्रो चरणको लकडाउन मे ४ बाट शुरु थियो।

भारतले सरकारले गत मे ४ देखि लागू हुने गरी मे १७ सम्म थप दुइ साताको गरिएको तेस्रो चरणको लकडाउन समाप्त भएपछि चौथो चरणको लकडाउन शुरु भएको थियो । विगत केही दिनयता भारतभरि नै कोरोना भाइरसको संक्रमित को संख्यामा बृद्धि देखिएपछि चौथो चरणको लकडाउन गर्ने निर्णय गरिएको हो । भारतमा विगत केही दिनयता संक्रमणको बृद्धिदर उच्च देखिएको छ । यद्यपी अघिल्ला चरणका लकडाउनको तुलनामा चौथो चरण हालको लकडाउन केही खुकुलो गरिएको छ।

# मोदीद्वारा पाँच अर्बको राहत घोषणा

एएफपी

भुवनेश्वर । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले अम्फान आँधीका कारण पिडीत भएकाहरुका लागि पाँच अर्बको राहतको घोषणा गर्नुभएको छ। आँधीबाट क्षतिग्रस्त ठाउँको स्थलगत अवलोकन गरेपछि उहाँले शुक्रबार राहतको घोषणा गर्नुभएको हो । "अहिलेको तत्कालको आवश्यकताका लागि भारत सरकारले केही राहत रकमको घोषणा गरेको छ, यो रकम उडिसा राज्यका लागि हो, अरु कुरा पछिको अवस्था हेरेर हुन्छ, केन्द्रले राज्य सरकारलाई सहयोग गरिरहन्छ," उहाँले भन्नुभयो। उहाँले थप्नुभयो, "संसार नै कोरोनाभाइरस विरुद्ध लडिरहेका बेला भारतमा यस्तो अर्को समस्या पनि आइलागेको छ, यसले हामीलाई थप दुखी बनाएको छ ।" प्रधानमन्त्री मोदीले भारतीय जनता, केन्द्रीय तथा प्रदेश सरकार कोरोनाभाइरसविरुद्ध एकजुट भएर लडिरहेको स्मरण गराउनुभयो। कोरोनाभाइरसविरुद्ध र यो विनाशकारी आँधीका विरुद्धमा एकैचोटी लडेकोमा मुख्यमन्त्री नविन पटनायकलाई उहाँले धन्यवाद पनि दिनुभयो । आँधीका कारण प्रभावित उडिसा राज्यमा सयौं घरहरु भत्किएका छन् भने कृषि, विद्युत, सञ्चार, भौतिक संरचनालगायतमा ठूलो क्षति पुगेको छ। क्षतिको विवरणहरु संकलन भइरहेकाले स्पष्ट विवरण अहिले आइनसकेको र चाँडै नै पूर्ण विवरण सार्वजनिक गर्ने राज्य सरकारले जनाएको छ।

सबै विवरणहरु संकलन भएपछि क्षतिपुर्ति र पुनःसंरचना तथा पुनःनिर्माणको योजना बनाइने पनि प्रधानमन्त्री मोदीले बताउनुभएको छ।

# विश्वभर करिब ५३ लाख संक्रमित, ३ लाख ४० हजारको मृत्यु

एएफपी

जेनेभा । कोरोनाभाइरसका कारण विश्वभर ३ लाख ४० हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ भने संक्रमितको संख्या ५३ लाख नाघेको छ। युरोपेली मुलुकहरूमध्ये कोरोनाभाइरसबाट बेलायतमा सबैभन्दा बढी व्यक्तिको मृत्यु भएको छ।

पछिल्लो विवरण अनुसार बेलायतमा ३६ हजार ३९३ कोरोनाभाइरसका कारण मृत्यु भइसकेको छ । संयुक्तराज्य अमेरिकामा मृत्युदरमा उतारचढाव यथावत छ । पछिल्लो २४ घण्टामा अमेरिकामा एक हजार २९३ व्यक्तिको मृत्यु भएको छ । योसहित अमेरिकामा मृत्यु भएका व्यक्तिको कूल संख्या ९७ हजार ६५५ पुगेको छ।

कोरोनाभाइरसबाट सर्वाधिक मृत्युदर रहेका इटाली, स्पेन र फ्रान्स लगायतका मुलुकमा मृतकको संख्या ३० हजारको हाराहारीमा छ।



हालसम्म इटालीमा ३२ हजार ६१६, फ्रान्समा २८ हजार २८९, स्पेनमा २८ हजार ६२८, बेल्जियममा ९ हजार २१२, जर्मनीमा ८ हजार ३५२ र नेदरल्यान्ड्मा ५ हजार ७८८ जनाको मृत्यु भएको छ। दक्षिण अमेरिकी देशहरूमध्ये कोरोनाभाइरसको इपिसेन्टरका रुपमा देखिएको ब्राजिलमा २१ हजार ११६ को मृत्यु भएको छ। यहाँ एकै दिन ९६६ जनाको ज्यान गएको छ।

यसैगरी, इरानमा ७ हजार ३००, मेक्सिकोमा ६ हजार ९८९, क्यानाडामा ६ हजार २५० र चीनमा ४ हजार ६३४ जनाको मृत्यु भइसकेको छ।

# भारतमा ६६ वर्षीय क्यान्सर विरामीले कोभिडलाई जिते

एएफपी

लखनउ । भारतमा एकजना ६६ वर्षका क्यान्सर रोगीले कोभिडलाई जितेका छन्। यसले कोभिडका विरुद्धको लडाईंमा एउटा सकारात्मक सन्देशको प्रवाह गरेको बताइएको छ।

कोभिड १९ को संक्रमणमा परेका उनी एक हप्ताको अस्पताल बसाईपछि उनी आज डिस्चार्ज भएका छन्। कोरोना भाइरस संक्रमित उनको एकहप्ताको वसाईपछि रिपोर्ट नेगेटिभ आएपछि आज डिस्चार्ज भएका भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्।

उनी लखनउको केजिएमयु अस्पतालमा रहेका थिए। त्यहाँ एक हप्ताबसेपछि गरिएको पछिल्लो स्वास्थ्य जाँचमा रिपोर्ट नेगेटिभ आएको थियो। लखनउको किङ जर्ज मेडिकल युनिभर्सिटीका उपकुलपति एमएलबी भाटले सोही अस्पतालमा क्यान्सरको उपचार गराइरहेका ती विरामीलाई कोभिड लागेको र निको भएको जानकारी दिए। उनले ती विरामी सन् २०१९ को मे देखि अगष्ट महिनासम्म क्यान्सरको उपचार गराएका थिए।

# भारतमा सर्वसाधारणका लागि पनि रेलको टिकट खुल्ला

एएफपी

नयाँदिल्ली । भारतमा देशभरी सर्वसाधारणका लागि पनि रेलको टिकट खुल्ला गरिएको छ। देशभरका विभिन्न रेल स्टेशनहरुमा २३० रेलको टिकट काट्न पाइने व्यवस्था गरिएको अधिकारीहरुले जनाएका छन् । रेल मन्त्रालयले शुक्रबार दिएको जानकारी अनुसार रेलस्टेसनहरुसँगै अनलाइनबाट पनि टिकट बुकिङ्ग गर्न सकिने व्यवस्था गरिएको छ।

बिहीबारदेखि अहिलेसम्म १३ लाखभन्दा बढी व्यक्तिले टिकट बुकिङ्ग गरिसकेको मन्त्रालयका अधिकारीहरुले जानकारी दिएका छन्। टिकट बुकिङ्ग मात्रै नभएर यसअघि बुकिङ्ग गरेकाहरुको टिकट क्यान्सिल गर्ने व्यवस्था पनि गरिएको उनीहरुको भनाइ छ।



यात्री टिकट सुविधा केन्द्र मार्फत् टिकट किनबेच भइरहेको छ।

लामो समयपछि किनबेच खुल्ला गरिएकाले किनबेच गर्नेहरुको चाप अत्यधिक रहेको किनबेचमा सम्लग्न कर्मचारीहरुले जनाएका छन्।

# भारतमा एकै दिनमा सवा लाखको कोरोना परिक्षण

एएफपी

नयाँदिल्ली । भारतमा पछिल्लो २४ घण्टाको अवधिमा मात्रै झण्डै सवा लाख मानिसको कोरोना परिक्षण गरिएको छ । अधिकारीहरूले दिएको जानकारीअनुसार एकै दिनमा कुल एक लाख १५ हजार ३६४ जनाको परिक्षण गरिएको छ।

भारतको स्वास्थ्य अनुसन्धान परिषद्ले अहिलेसम्म देशभरी कुल २८ लाख ३४ हजार ७९८ जनाको परिक्षण गरिएको जनाएको छ। परिषद्का अनुसार शनिबार नै सवैभन्दा धेरै जनामा कोरोना भाइरसको सङ्क्रमण भएको पुष्टि गरिएको छ। परिषद् का अधिकारीहरूले एकैदिनमा अहिलेसम्मकै सवैभन्दा धेरै छ हजार ६५४ जनामा शनिबार कोरोनाभाइरसको सङ्क्रमणको पुष्टि गरिएको जनाएका छन् । यो पछिल्लो तथ्यांकसँगै भारतमा मात्रै कोरोनाभाइरसबाट सङ्क्रमित हुनेहरूको कुल संख्या एक लाख २५ हजार १०१ पुगेको छ। केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले पछिल्लो २४ घण्टामा मात्रै कोरोनाभाइरसका कारण १३७ जनाको मृत्यु भएको विवरण सार्वजनिक गरेको छ।

# कराँची जेलमा तीन सय सङ्क्रमित

एएफपी

कराँची। पाकिस्तानको कराँचीस्थित जेलमा मात्रै तीन सय भन्दा बढी बन्दी कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन्। कराँची केन्द्रिय जेलभित्र पर्याप्त सतर्कता र सुविधामा ध्यान नदिइएकाले कैदीहरूमा सङ्क्रमण फैलिएको अधिकारीहरू जानकारी दिएका छन्।

शनिबार सार्वजनिक भएको विवरण अनुसार क्षमताभन्दा बढी कैदी राखिएकाले पनि धेरै जनामा सङ्क्रमण फैलिएको बताइएको छ।

कारागारका अधिकारीहरूले सङ्क्रमित र सङ्क्रमण नभएका कैदीहरूलाई अहिले छुट्टा छुट्टै राखिएको जानकारी दिएका छन्। चाडो चाडै सङ्क्रमण फैलिएको देखिएपछि अहिले अस्पतालका सवै कैदी, सुरक्षाकर्मी, प्रशासनिक कर्मचारीलगायतको पनि कोरोना परिक्षण गरिएको छ।

कारागारमा पहिलो सङ्क्रमित यही मे ११ तारिखका दिन पुष्टि भएको थियो।

# अमेरिकी राष्ट्रपति ट्रम्पद्धारा चर्चहरू पुनः खोल्न निर्देशन

एएफपी

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बन्द रहेका चर्चहरू पुनः खुल्ला गर्न निर्देशन दिनुभएको छ । यस सम्वन्धी अन्य आदेशहरू समेत खारेज हुने र यही आदेशलाई मान्न स्पष्ट पार्दै उहाँले चर्च तथा प्रार्थनास्थलहरू खुल्ला गर्न निर्देशन दिनुभएको हो।

चर्चहरूलाई उहाँले अत्यावश्यक कार्यालय अन्तर्गत मानिने उल्लेख पनि गर्नुभएको छ । यो आदेश देशभरीका सवै स्थानीय सरकारहरूलाई कार्यान्वियन गराउन पनि उहाँले सूचित गर्नुभएको छ।

"सरकारले अत्यावश्यक परेका कामहरूलाई रोकतोक गरेको छैन, ठिक समयमा ठिक ठाउँमा ठिक काम गर्न सरकारले स्विकृति दिन्छ, पुजापाठ सम्वन्धी काम पनि अत्यावश्यक काम अन्तर्गत पर्दछन्, त्यसैले चर्चहरू खोल्न दिनुपर्दछ," पत्रकार सम्मेलनमा ट्रम्पले भन्नुभयो। राष्ट्रपति ट्रम्पले जवरजस्त मुलुकलाई खुल्ला गर्न खोजेको टिप्पणी धेरैले गरेका छन्। उहाँले लकडाउन लगाउनका लागि अमेरिका बनेको हैन भन्दै लकडाउन लगाउन अस्विकार गर्दै आउनु भएको छ।



तैपनि आफै बन्द भएका वा स्थानीय प्रशासनले बन्द गराएका व्यापार, व्यवसाय, कार्यालय आदी विस्तारै खोल्ने तर्फ उहाँले प्रेरित गर्दै आउनु भएको छ। कोरोनाभाइरसको सङ्क्रमण फैलिन थालेपछि झण्डै दुई महिनादेखि सुस्ताएको आर्थिक गतिविधिहरूलाई पुनः सूचारु गर्नु पर्नेमा ट्रम्को जोड रहेको छ।

उहाँले लामो समयसम्म बन्द गर्दा सवै तिरको आर्थिक पक्षमा समेत नराम्रोसँग असर पर्ने भएकाले बन्द गरेर मात्रै बस्न नहुने उहाँको भनाई छ।

# दक्षिण कोरियामा २३, चीनमा शुन्य सङ्क्रमित

एएफपी

बैंकक । कोरोनाभाइरसको सङ्क्रमण नियन्त्रण गरेको ठानिएको दक्षिण कोरिएमा अहिले फेरी दिनप्रतिदिन सङ्क्रमितहरू भेटिन थालेका छन् । स्वास्थ्य अधिकारीहरूले दिएको जानकारीअनुसार शनिबार थप २३ जनामा कोरोनाभाइरसको सङ्क्रमण पुष्टि भएको छ।

सङ्क्रमितहरू फेरी धमाधम देखिन थालेपछि दक्षिण कोरियामा रात्री क्लव, बार, रेष्टुरेन्टलगायतका व्यवसायिक कार्यालयहरू बन्द गरिएको छ । दक्षिण कोरियामा अहिलेसम्म कोरोनाभाइरसबाट ११ हजार १६५ जना सङ्क्रमित भएका छन् भने २६६ जनाको मृत्यु भएको छ। अहिले भेटिएका १३ जना राजधानी सोलसँगैको ग्येन्गी प्रान्तमा भेटिएका हुन्। त्यस क्षेत्रमा थप कडाई गरिएको छ। पछिल्लो समयमा मात्रै दक्षिण कोरियामा झण्डै पाँच सय जना सङ्क्रमित भेटिएका छन् । पहिचान गर्ने र परिक्षण गर्ने क्रम पनि तिव्र पारिएको जनाइएको छ।



दक्षिण कोरियामा सङ्क्रमण नफैलिने गरी उच्च सतर्कतासहित उच्च शिक्षाका लागि केही शैक्षिक संस्थाहरूमा भने अध्ययन अध्यापन कार्य गर्न थालिएको छ।

# एक अर्ब ३५ करोड जनसंख्या भएको देशमा सवा लाखमात्र संक्रमित- भारतीय स्वास्थ्यमन्त्री

एएफपी

नयाँ दिल्ली । भारतीय स्वास्थ्यमन्त्री डा.हर्ष वर्धनले एक अर्ब ३५ करोड जनसंख्या रहेको भारतमा कोरोना भाइरसका जम्मा १ लाख २५ हजार मात्र संक्रमित भएको बताउनुभएको छ।

उहाँले भन्नुभयो- आज हामीकहाँ तीन प्रतिशतमात्र मृत्युदर रहेको छ र सवालाख मात्र कोरोना भाइरसका संक्रमित रहेका छन् । विश्व स्वास्थ्य संगठनको कार्यकारी बोर्डको अध्यक्षको कार्यभार संहालेपछि आज सम्बोधन गर्दै उहाँले सो जानकारी दिनुभएको हो।



उहाँले भारतले कोभिड १९ को नियन्त्रण र रोकथामका क्षेत्रमा प्रभाकारी रुपमा काम गरिरहेको जानकारी पनि सो अवसरमा दिनुभएको थियो । उहाँले भारतमा कोरोना भाइरसका संक्रमितहरूको निको हुने दर ४० प्रतिशतभन्दा बढी रहेको जानकारी दिँदै यसलाई सकारात्मक रुपमा लिनुपर्ने पनि बताउनुभयो।

# २४ घन्टायता सबैभन्दा बढी संक्रमित

एएफपी

नयाँदिल्ली। भारतमा कोरोना भाइरसबाट गएको २४ घन्टायता अहिलेसम्मकै सबैभन्दा धेरै संक्रमित भेटिएको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्।

भारतीय सञ्चारकाअनुसार पछिल्लो २४ घण्टामा ६ हजार ६५४ जना संक्रमित भेटिएका हुन्। भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएअनुसार यो सहित भारतमा कोरोना संक्रमितको कूल संख्या एक लाख २५ हजार १०१ पुगेको छ।


**Provincial Government**

**Province No. 2**

**Ministry of Social Development**

**Provincial Hospital**

**Janakpurdham, Dhanusha**

**Notice for the Letter of Intent**

**(First Publication Date: 24thMay 2020)**

Pursuant to Sub Clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is to notify all the bidders who submitted their bids for the contract identification No. mentioned below as per the Invitation for Bids published in the national daily newspaper "Janakpur Today"on14st April 2020, that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract.

| Contract ID No. | Name of Work | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Including P.S. and VAT) |
|---|---|---|---|
| PH/NCB/076/077/6 | Nursing Hostel and Collage Maintenance work | Subodh Nirman Sewa,Hathiyol-5,Sarlahi | 2913055.53 |
| PH/NCB/076/077/8 | Staff Quarter Maintenance work | Subodh Nirman Sewa Hathiyol-5,Sarlahi | 1797543.55 |
| PH/NCB/076/077/9 | Canteen Construction work | Krish Construction Pvt. Ltd., Janakpur -2,Dhanusha | 3343368.06 |
| PH/NCB/076/077/10 | O.T., Prasuti, Emergency & Postmartum Room Maintenance | Krish Construction Pvt. Ltd., Janakpur -2,Dhanusha | 4542584.18 |
| PH/NCB/076/077/11 | Drain Construction Work | Krish Construction Pvt. Ltd., Janakpur -2,Dhanusha | 4206393.81 |

# जापानको नारिता उड्यो नेपाल एयरलाइन्स



काठमाण्डु । बन्दाबन्दीका कारण नेपालमा रोकिएका केही जापानी तथा नेपाली बोकेर नेपाल वायु सेवा निगमको वाइड बडी ए ३३० जहाज जापानको नारिता उडेको छ । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट आज राति ९:४५ बजे निगमको जहाजले नारिता अन्तरराष्ट्रिय विमानस्थलका लागि चार्टर्ड उडान भरेको विमानस्थलका प्रवक्ता देवेन्द्र केसीले जानकारी दिनुभयो । जम्मा २६८ यात्रुमध्ये १९७ नेपाली छन् । उनीहरू जापानमा बसोबास गर्छन् ।

नेपालस्थित जापानी दूतावासका पहलमा निगमको वाइड बडी जहाजले चार्टर्ड उडान गरेको बताइएको छ । बन्दाबन्दीमा निगमको जापानमा यो तेस्रो पटकको चार्टर्ड उडान हो । सोही गन्तव्यमा यसअघि यही जेठ २ गते निगमको वाइड बडी जहाजले दोस्रो पटक चार्टर्ड उडान गरेको थियो । गत चैत २८ गते निगमले नारितामा पहिलो चार्टर्ड उडान गरेको थियो । नेपालमा रोकिएका केही जापानी तथा बिदामा आएका नेपाली कामदार र विद्यार्थी लैजानका लागि निगमको जहाजले नारितामा चार्टर्ड उडान गरेको हो । निगमको वाइड बडी जहाजले काठमाण्डुको सुमेघ टूर एन्ड ट्राभल्स प्रालिसँग काठमाण्डु-नारिता(जापान) चार्टर्ड उडानको अनुमति लिएको निगमले जनाएको छ ।

नेपाल एयरलाइन्सले नारितातामा गत फागुन १९ गतेदेखि सीधा उडान सेवा शुरु गरेको थियो । कोभिड–१९ को संक्रमण विश्वभर फैलिएपछि उक्त गन्तव्यको उडान हाल स्थगन भएको छ ।

**चाङशा उड्यो हिमालय**

अत्यावश्यक स्वास्थ्य सामग्री लिन हिमालय एयरलाइन्सको न्यारो बडी ए३२० जहाज आज साँझ चीनको चाङ्शा उडेको छ ।

कोभिड-१९ सँग सम्बन्धित स्वास्थ्य सामग्री लिन चाङ्शा उडेको हिमालय एयरलाइन्सको जहाज शनिबार काठमाण्डु फर्कने तालिका रहेको विमानस्थलका महाप्रबन्धक केसीले जानकारी दिनुभयो । चीनबाट निजी व्यवसायीले स्वास्थ्य सामग्री ल्याउन हिमालयको जहाज कार्गो चार्टर्ड गरेको बताइएको छ ।

नेपालबाट अन्तरराष्ट्रिय उडान भर्ने निजी लगानीको हिमालय एयरलाइन्सले बन्दाबन्दीमा चीनका विभिन्न गन्तव्यबाट स्वास्थ्य सामग्री ल्याइरहेको छ । पछिल्लो पटक चीनका बेइजिङ, ग्वाङ्जाओ, चाङ्सालगायत गन्तव्यबाट नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्सले कार्गो चार्टर्ड उडानमार्फत स्वास्थ्य सामग्री ल्याइरहेका छन् । हाले निगमको वाइड बडी जहाजले ग्वाङ् जाओबाट दुई चार्टर्ड उडानमार्फत स्वास्थ्य सामग्री ल्याएको थियो । निगमको वाइड बडी जहाज भ शनिबार पनि स्वास्थ्य सामग्री लिन चीन जाने बताइएको छ । निगमका पछिल्ला तीन वटै उडान नेपाली सेनाले खरीद गरेको स्वास्थ्य सामग्री लिन चार्टर्ड गरिएको हो ।

**ट्युनिसियाबाट फर्कियो श्री**

श्री एयरलाइन्सको सिआरजे-बमबार्डियर जहाजले अफ्रिकी मुलुक ट्युनिसियाबाट नेपाली सेनाका एक अधिकृतको शव लिएर काठमाण्डु फर्किएको विमानस्थलले जनाएको छ ।

ट्युनिसियामा शान्ति सेनाका रूपमा खटिएका ती अधिकृतको मृत्यु भएपछि उहाँको शव लिन श्री एयरलाइन्सको कार्गो चार्टड उडानको जहाज बिहीबार ट्युनिसिया गएको थियो । एक्काइस दिनअघि हृदयाघातबाट मृत्यु भएका एक अधिकृतको शव लिन संयुक्त राष्ट्र संघको खर्चमा नेपाली सेनाले चार्टर उडान गरेको बताइएको छ ।रासस

## सुर्तीजन्य पदार्थ प्रयोगमा थप कडाइ गरिने


विराटनगर । प्रदेश नं १ मा सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन) ऐन, २०६८ को पूर्णरूपमा पालना गराउने निर्णय गरिएको छ ।

सामाजिक विकास मन्त्रालयमा शुक्रबार साँझ बसेको बैठकले सुर्तीजन्य पदार्थ नियन्त्रण गर्न सो ऐनलाई अझ प्रभावकारी रूपमा कार्यान्वियन गराउने निर्णय गरेको मन्त्रालयका प्रवक्ता डा सुरेश मेहताले जानकारी दिनुभयो ।

कोरोना भाइरसको जोखिम हुन नदिन पनि सो ऐनलाई प्रभावकारी कार्यान्वियन गर्दै सुर्तीजन्य पदार्थ नियन्त्रणमा पूर्णरूपमा पालना गराउने निर्णय भएको उहाँले बताउनुभयो । प्रदेश सरकार मन्त्रिपरिषद्ले गत माघ १३ गते प्रदेशलाई सुर्तीजन्य पदार्थ नियमन र नियन्त्रणयुक्त बनाउने निर्णय गरेको थियो ।

सो मन्त्रालयले सरोकारवाला पक्षसँगको समन्वय र सहकार्यमा सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमनसम्बन्धी विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।रासस

# बहुवर्षे योजनालाई निरन्तरता दिन बजेट अपुग : मन्त्री बस्नेत



पोखरा । गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री रामशरण बस्नेतले आगामी आर्थिक वर्षमा बहुवर्षे योजनालाई निरन्तरता दिन बजेट अपुग हुने बताउनुभएको छ ।

संसद्को अर्थ तथा विकास समितिद्वारा शुक्रबार आयोजित छलफल कार्यक्रममा प्रदेशसभा सदस्यले उठाएका जिज्ञासाको जवाफ दिँदै मन्त्री बस्नेतले आगामी आर्थिक वर्षका लागि बजेट सीमा जम्मा रु चार अर्बको प्राप्त भएको र सो बजेट अपुग हुने बताउनुभयो ।

चालू आवमा मन्त्रालयको पूँजीगत बजेट रु १२ अर्ब ९१ करोड रहेकामा आगामी आर्थिक वर्षका लागि जम्मा रु चार अर्ब रकमको सिलिङ प्राप्त भएपछि मन्त्रालयले कार्यक्रम तथा योजना छनोटको काम अगाडि नबढाएको उहाँले बताउनुभयो । बहुवर्षे योजनालाई निरन्ता दिनसमेत उक्त रकम अपुग हुने भन्दै उहाँले अर्थ तथा विकास समितिलाई प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयलाई बजेट बढाउन सुझाव दिन आग्रह गर्नुभयो ।

प्रदेश सरकारले यसअघि नीति तथा कार्यक्रममा समावेशप्रदेशभित्र एकघरएकधारा, प्रदेशको राजधानीबाट प्रत्येक स्थानीय तहको केन्द्रसम्म पुग्ने कालोपत्र मोटरबाटो, उज्यालो प्रदेशलगायतका महत्वपूर्ण कार्यक्रमसमेत प्रभावित हुने उहाँको भनाइ छ ।

मन्त्री बस्नेतले वैशाख महिनासम्म मन्त्रालयको ३९ प्रतिशत वित्तीय प्रगति रहेको जानकारी दिँदै एक निर्वाचन क्षेत्र एक नमूना सडकको वित्तीय प्रगति ८६.७९ प्रतिशत रहेको बताउनुभयो । छलफल कार्यक्रममा अर्थ तथा विकास समितिले पूर्वाधार विकास मन्त्रालयलाई आगामी आर्थिक वर्षमा अघिल्ला योजनालाई निरन्तरता दिँदै काम सम्पन्न गर्न निर्देशन दिएको छ ।

प्रदेश अर्थ तथा विकास समितिका सभापति दीपक कोइरालाले सम्पन्न नभएका पुराना आयोजनालाई बीचमा अलपत्र नछाड्न निर्देशन दिँदै बजेट विनियोजन गर्दा जनताको आवश्यकताका आधारमा गर्न सुझाव दिनुभयो । मन्त्रालयका सचिव ईश्वरचन्द्र मरहठ्ठाले पुरानो खरिद ऐनकै कारण काममा ढिलासुस्ती हुने गरेको बताउँदै नीतिगत समस्या समाधान भए खर्च गर्ने तौरतरिका र कामले समेत गति लिने विश्वास व्यक्त गर्नुभयो ।रासस

# कालीगण्डकी करिडोरको काम, लकडाउनमा धमाधम



काठमाण्डु । कोरोनाको कहर थप विस्तार हुन थालेको छ । सरकारले लकडाउन जारी राखेको छ । धेरै जसो विकास निर्माणका काम ठप्प छन् । विषम अवस्थामा पनि विकास निर्माणको कामलाई प्रभावकार रूपमा अगाडि बढाउने साहस पनि यही बीचमा प्रदर्शन भइरहेको छ । बन्दाबन्दीको समय आफैंमा कष्टकर भएपनि अन्य उपाय छैन सरकार र नागरिकका सामु । यही बीचमा केही आयोजनाले भने आशाको सञ्चार गरिरहेका छन् । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले निर्माणाधिन आयोजनालाई कसरी अगाडि बढाउने भन्ने स्म्बन्धमा स्पष्ट दृष्टिकोण तयार पारेका कारण काम धमाधम भइरहेको छ ।

आगामी असार भित्रै देशको सबैभन्दा ठुलो सबस्टेसनको निर्माण सम्पन्न हुँदैछ । माथिल्लो तामाकोशीको काम पनि गतिमा नै छ । यसले विपदमा पनि सामाजिक दुरी कायम राख्दै विकास निर्माणको काम अगाडि बढाउन सकिन्छ भन्ने स्पष्ट सन्देश दिएको छ । मुलुकको आर्थिक समृद्धिको प्रमुख आधारको रूपमा रहेको ऊर्जा क्षेत्रमा भए गरेका कामलाई थप सहजीकरण गर्न हरदम प्रयास भइरहेको छ ।

स्वास्थ्य सुरक्षाका सम्पूर्ण उपाय अवलम्बन गरेर भएका कामले नागरिकमा विश्वास मात्रै पैदा भएको छैन, इमान्दर भएर काम गर्दा परिणाम निकाल्न सकिन्छ भन्ने आत्मविश्वास समेत पैदा भएको छ । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले लकडाउनको अवधिलाई पनि सकेसम्म परिणाममुखी बनाउन हरदम प्रयत्न गरिरहनु भएको छ । सोही कारण केही आयोजनाले लकडाउनमा समेत नेपाली नागरिकलाई खुसी तुल्याउन सहयोग पुऱ्याएको छ ।

ऊर्जा मन्त्रालय र प्राधिकरणको एकीकृत कार्ययोजनाका कारण कालीगण्डकी करिडोर २२० केभी प्रसारण लाइनअन्तर्गत म्याग्दीको दाना र पर्वतको कुश्मा खण्ड निर्माण अन्तिम चरणमा पुगेको छ । कोरोना भाइरसको रोकथाम र नियन्त्रणका लागि लागू गरिएको बन्दाबन्दी(लकडाउन) का बीच पनि स्वास्थ्य सुरक्षासम्बन्धी प्रावधानहरूको पूर्ण पालना गरी स्थानीय सरकार र प्रशासनसँगको समन्वय र सहयोगमा आयोजनाको निर्माण धमाधम भइरहेको विवरण प्राप्त भएको छ । दाना र कुश्मास्थित खुर्कोटमा २२०/१३२ केभी सबस्टेसन निर्माणका बाँकी रहेका काम पनि लकडाउनमा जारी छ । दुवै सबस्टेसनका अधिकांश उपकरणहरू जडान भइसकेको प्राधिकरणले जनाएको छ ।

दाना–कुश्मा खण्ड यही असारभित्रमा संचालन (चार्ज) गर्ने लक्ष्यका साथ काम भइरहेको नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले जानकारी दिनुभयो । सो प्रसारण लाइनको अवस्थाका बारेमा कार्यकारी निर्देशक घिसिङले गत फागुनको अन्तिम सातामा स्थलगत निरीक्षण गर्नुभएको थियो । पछिल्लो पटक उहाँले नियमित रूपमा आयोजनाको अवस्थाका बारेमा जानकारी लिँदै स्थानीय स्तरमा समन्वय गरिरहनु भएको छ ।

यही प्रसारण लाइनमा निजी क्षेत्रका लगानीकर्ताले म्याग्दीमा निर्माण गरिरहेको ४२ मेगावाटको मिस्त्री खोला जलविद्युत् आयोजनाको विद्युत् जोडिने छ । निर्माणको अन्तिम चरणमा रहेको मिस्त्री खोला र मुस्ताङमा संचालनमा रहेको ११.२ मेगावाटको थापा खोला जलविद्युत् आयोजनाको विद्युत् दाना सबस्टेसनमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह हुने गरी व्यवस्था गरिएको छ । हाल थापा खोलाको विद्युत् ३३ केभी लाइनमार्फत प्रवाह भइरहेको छ ।

**आगामी असार भित्रै देशको सबैभन्दा ठुलो सबस्टेसनको निर्माण सम्पन्न हुँदैछ । माथिल्लो तामाकोशीको काम पनि गतिमा नै छ । यसले विपदमा पनि सामाजिक दुरी कायम राख्दै विकास निर्माणको काम अगाडि बढाउन सकिन्छ भन्ने स्पष्ट सन्देश दिएको छ । मुलुकको आर्थिक समृद्धिको प्रमुख आधारको रूपमा रहेको ऊर्जा क्षेत्रमा भए गरेका कामलाई थप सहजीकरण गर्न हरदम प्रयास भइरहेको छ ।**

घिसिङले प्रसारण लाइन अभावमा मिस्त्री खोलाको विद्युत् खेर जाने अवस्था आउन नदिन लकडाउनमा पनि काम भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "गत वैशाखभित्रमा चार्ज गर्ने लक्ष्यका साथ काम भइरहेको थियो तर लकडाउनले निर्माण प्रभावित हुनपुग्यो, केही ठाउँमा देखिएको अवरोध खुलाएर काम सुरु गर्न म्याग्दी तथा पर्वतका प्रमुख जिल्ला अधिकारी र स्थानीय तहका प्रमुखहरूको दह्रो साथ र सहयोग पाएका छौं, असारभित्र जसरी पनि चार्ज गर्ने गरी टिम खटिएको छ ।"

दुवै जिल्लाका प्रमुख जिल्ला अधिकारीले राष्ट्रिय आवश्यकता र चाहनालाई ख्याल गरेर आयोजनामा ठूलो सहयोग पुऱ्याउनु भएको प्राधिकरणको बुझाइ छ । स्थानीय स्तरमा हुने सहयोग र समन्वय नै ठूला आयोजनाका लागि प्रेरणाको स्रोत बन्ने गरेको छ । प्रसारण लाइनमा हरेक टावर नै एउटा आयोजना जस्तो बन्ने नेपालको विकासको विकृतिलाई अन्त्य गर्न स्थानीय प्रशासनले गरेको सहयोग आफैमा अनुकरणयोग्य रहेको प्राधिकरणको भनाइ छ ।

कूल ३९ किलोमिटर दाना-कुश्मा प्रसारण लाइनअन्तर्गत ११० टावरमध्ये म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको पोखरीबगरमा स्थानीयको अवरोधले गर्दा एक टावर मात्रै खडा गर्न बाँकी छ । केही स्थानीयले प्रसारण लाइन मूनि आफ्नो घर परेको भन्दै रुट सार्न माग गर्दै निर्माणमा अवरोध गर्दै आएका थिए । म्याग्दीका प्रमुख जिल्ला अधिकारी ज्ञाननाथ ढकाल, गाउँपालिका अध्यक्ष, वडाध्यक्षलगायतको पहलमा स्थानीयसँग छलफल गरी टावर निर्माण अगाडि बढाइएको प्राधिकरणले जनाएको छ ।

अहिले टावर खडा गर्ने काम भइरहेको र तार टाँग्ने तथा सबस्टेसनको बाँकी काम सम्पन्न गरी असारभित्रमा लाइन चार्ज गरिने प्राधिकरण आयोजना व्यवस्थापन निर्देशनालयका उपकार्यकारी निर्देशक मनोज सिलवालले जानकारी दिनुभयो । म्याग्दी र पर्वतमा गरी करिब तीन किलोमिटर मात्रै तार टाँग्न बाँकी रहेको आयोजना प्रमुख चन्दनकुमार घोषले जानकारी दिनुभयो । उहाँले लकडाउनका कारण श्रमिक अभाव हुँदा निर्माणलाई तिब्रता दिन गाह्रो भएता पनि असारभित्र जसरी पनि चार्ज गरिने बताउनुभयो ।

कालीगण्डकी नदी बेसिनमा निर्माण हुने जलविद्युत आयोजनाको विद्युत् प्रवाहका लागि नेपाल सरकार तथा प्राधिकरणको लगानी र एसियाली विकास बैंकको सहुलियतपूर्ण ऋणमा कालीगण्डकी करिडोर प्रसारण लाइनको निर्माण शुरु गरिएको हो । करिडोरको दोस्रो खण्डअन्तर्गत कुश्माबाट नवलपरासीको भुमही (न्यू बुटवल सबस्टेसन)सम्मको प्रसारण लाइनको निर्माण पनि भइरहेको छ । सो प्रसारण लाइनलाई पनि थप गति दिने प्रयास भइरहेको छ । प्राधिकरणका रुग्ण भनिएका आयोजनालाई सम्पन्न गर्न विशेष पहल भइरहेको छ । त्यसले नागरिकमा एक खालको उत्साह ल्याउन सहयोग पुग्ने विश्वास लिइएको छ ।रासस

# वडा सचिव थुनामा, वडाध्यक्ष फरार

परासी । नवलपरासी(बर्दघाट-सुस्ता पश्चिम) को पाल्हीनन्दन गाउँपालिका-५ का तत्कालीन वडा सचिव गोविन्द कहारसहित दुई जना लिखतसम्बन्धी कसुर(किर्ते) गरेका अभियोगमा पुर्पक्षका लागि कारागार चलान भएका छन् ।

सोही मुद्दाका अर्का प्रतिवादी वडाध्यक्ष ओमप्रकाश गुप्ता भने फरार रहेको जिल्ला अदालतले जनाएको छ ।

विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि दिने क्रममा मूल प्रमाणपत्र र मूल अभिलेख रजिष्ट्रमा उल्लिखित विवाह मिति केरमेट गरी फरक पारेर प्रतिलिपि जारी गरेको भन्दै उनीहरूविरुद्ध जिल्ला अदालतमा लिखतसम्बन्धी कसुरको मुद्दा दायर भएको थियो ।

मुद्दाको प्रारम्भिक सुनुवाई गर्दै अदालतले वडा सचिव कहार र रामग्राम-५ की रुक्शाना शेषलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको हो । फरार रहेका वडाध्यक्ष गुप्ताविरुद्ध पक्राउ पुर्जी जारी भएको छ ।

रामग्राम-५ का सुबेदार शेष र रुक्शाना शेषको विवाहदर्ता प्रतिलिपि दिँदा केरमेट गरी मिति फरक पारिएको थियो । रुक्शानाका पति सुवेदारले सरकारी छाप दस्तखत किर्ते गरिदिने कार्यमा संलग्न वडाध्यक्ष गुप्ता, वडा सचिव कहारसहित पाँच जनाविरुद्ध जिल्ला अदालतमा मुद्दा दायर गर्नुभएको थियो । उक्त कार्यमा आफ्नै श्रीमती रुक्शाना, वडाध्यक्ष गुप्ता, वडा सचिव कहार, तत्कालीन वडा सचिव नन्दलाल कहार, कार्यालय सहयोगी अमरलाल कहार गरी पाँच जना संलग्न रहेको भनी विपक्षी बनाइएको थियो ।

मुद्दाको प्रारम्भिक सुनुवाइ गर्दै जिल्ला अदालतले किर्ते कागज बनाइदिने प्रतिवादी गोविन्द र किर्ते कागज प्रयोग गर्ने रुक्शानालाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको तथा नन्दलाल कहारलाई रु ६० हजार धरौटीमा छाड्ने आदेश भएको अदालतका निमित स्रेस्तेदार तीर्थराज शर्माले जानकारी दिनुभयो ।

प्रतिवादीमध्येका कार्यालय सहयोगी अमरलालको भने केही दिन अगाडि मृत्यु भएको छ । "म वडा कार्यालयमा गई विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि सराइ अध्ययन गर्दा तत्कालीन गेरमी गाविस(हाल पाल्हीनन्दन-५) को दर्ता नं ४७ रहेको २०७०/०७/०४ मा जारी गरिएको विवाह दर्ता प्रमाणपत्रमा विवाह मिति २०६२/१२/१५ उल्लेख रहेकोमा वडा सचिव गोविन्द कहारले सोही दर्ता नंको प्रतिलिपि बनाउँदा केरमेट गरी विवाह मिति २०६०/१२/१५ गते बनाई फरक पारेको पाएपछि प्रतिवादीहरूउपर कानूनबमोजिम सजायँको माग गर्दै मैले जाहेरी दिएको छु", सुवेदारले जाहेरीमा उल्लेख गर्नुभएको छ ।

पतिपत्नी सुबेदार र रुक्शानाबीच विवाद भएपछि रुक्शानाले जिल्ला अदालतमा अंश नामसारी मुद्दा दिएपछि अनुसन्धान हुँदै जाँदा उक्त रहस्य खुलेको थियो ।

वडाध्यक्ष गाउँमा खुला घुमिरहेकाले तत्काल पक्राउ गरी आवश्यक कारवाही गर्नुपर्ने पीडित पक्षको माग छ । बन्दाबन्दी र कोरोना सङ्क्रमणको जोखिमका कारण पक्राउ गर्न नसकिएको प्रहरी चौकी गेरमीका प्रमुख नारायण लुइँटेलले जानकारी दिनुभयो ।रासस

# पेट्रोलियम डिलर्स एशोसियशनबाट कोरोना परीक्षण माग

काठमाण्डु । बन्दाबन्दीका कारण पेट्रोलियम पदार्थको खपतमा कमी आएकाले पेट्रोलियम डिलर्स राष्ट्रिय एशोसिएशनले आफ्ना सदस्य पम्पलाई अति आवश्यकबाहेकका खर्च कटौती गर्न आग्रह गरेको छ । बन्दाबन्दीका कारण व्यवसायमा भारी गिरावट आएको एशोसिएशनले कर्मचारी कटौतीदेखि पम्पबाट हुँदै आएको उधारो तेल वितरण बन्दलगायत विषयमा पूर्वतयारी गर्न आग्रह गरेको हो ।

भिडियो कन्फ्रेन्समार्फत शुक्रबार बसेको बैठकले अति कम कर्मचारीबाट पम्प सञ्चालन गर्ने, आवश्यक पदार्थको कारोवार गर्ने हुँदा आपूर्ति नियमित राख्न पम्पमा पेट्रोलियम पदार्थ मौज्दा राख्नुपर्ने तथा पूँजीगत खर्च कम गर्नुपर्ने तथा पम्पबाट उधारो तेल वितरण बन्द गर्ने निर्णय गरेको एशोसिएशनका अध्यक्ष लिलेन्द्रप्रसाद प्रधानले जानकारी दिनुभयो । उहाँका अनुसार बैठकले नगदमा मात्र कारोबार गर्नुपर्ने, अत्यावश्यकबाहेकका खर्च कटौती गर्ने र स्थानीय निकायसँगको समन्वयमा इन्धन वितरण प्रभावकारी बनाउन सबै व्यवसायीलाई आग्रह गर्ने निर्णय गरेको छ ।

सरकारले पेट्रोलियम पदार्थलाई अत्यावश्यक सूचीमा राखे पनि पेट्रोल पम्पका कर्मचारीलाई काममा आउँदा पासको समस्या हुने गरेको उहाँले जनकारी दिनुभयो । "अतिआवश्यक क्षेत्र भने तापनि समन्वय नहुँदा समस्या भयो, बन्दाबन्दी अझै थपिँदै गए ५० प्रतिशत सम्म कर्मचारी कटौती हुनेछ", उहाँले भन्नुभयो, "पम्प सञ्चालन भए पनि खपत न्यून छ, हाम्रा कर्मचारीहरू पम्पसम्म समेत आउन समस्या भएको छ, घरमा नै कर्मचारीलाई राखेर सेवासुविधा दिए पनि पछिल्लो दिनमा समस्या हुने देखिएको छ ।"

एशोसिएशनलेआवश्यकतानुसार कर्मचारी कटौती गरेर अति कमबाट कारोवार सञ्चालनको तयारी गरेको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार एशोसिएशनमा आबद्ध एक हजार पाँच सय पम्पमा करीब पाँच हजार कर्मचारी छन् । एउटा पम्पमा पाँचदेखि १० कर्मचारीले काम गर्दै आएका छन् । एशोसिएशनले निरन्तर नेपाल आयल निगमलाई कर्मचारीको कोरोना परीक्षण गर्न माग राखे पनि सुनुवाइ नभएको उहाँले बताउँनुभयो । 'हामीले निरन्तर जोखिम मोलेर काम गरेका कर्मचारीको परीक्षण गर्न माग गरेका छौं, निगमले आफ्ना कर्मचारीको मात्र परीक्षण गरेर हाम्रा कर्मचारीलाई वेवास्ता गऱ्यो', उहाँले भन्नुभयो ।

एशोसिएशनका अनुसार हाल सम्पूर्ण पम्प खुला रहेको र पर्याप्त मात्रामा तेल छ । बन्दाबन्दीका शुरुवाती दिनमा पेट्रोलियम पदार्थको खपतमा कमी आए पनि पछिल्लो समय तराईमा खेतीको याम शुरु हुँदा डिजेलको मागमा वृद्धि भएको छ ।रासस


## धनुषाधाम नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
धनुषाधाम, धनुषा
प्रदेश नं. २, नेपाल

## बोलपत्र स्विकृत गर्ने आशय सम्बन्धी सुचना

प्रकाशित मिति २०७७/०२/११

यस धनुषाधाम नगरपालिकाबाट प्रकाशित सुचना अनुसार तपसिलका ठेक्का नं. का लागि तोकिएको मिति र समय भित्र e-bidding र Hard copy बाट दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राहि भएकाले दरभाउपत्र स्विकृतका लागि छनोट भएका हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सो ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि ७ (सात) दिने यो सुचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | फर्मको नाम | स्वीकृत गरिएको कबोल अंक रु. | कैफियत |
|---|---|---|---|---|
| DM/NCB/ Works/40/2076-77 | Construction of School building in ward no. 5 | Gitanjali Nirman Sewa | 4586803.651 (Without VAT) | |

प्रमुख प्रशासकिय अधिकृत



**कोरोना जित्नेको विदाइ**: नारायणी अस्पतालको अस्थायी कोरोना अस्पतालमा उपचाररत रहेकाहरु मध्ये ९ जना शनिवार साँझ निको भएर डिस्चार्ज भएका छन् ।डिस्चार्ज हुनेहरुमा ८ जना नेपाली र १ जना भारतीय नागरिक छन् । फोटो :टुडे

# निर्देशन कडाइपूर्वक पालना गर्न प्रदेश प्रमुखको आग्रह

टुडे समाचारदाता

जनकपुरधाम । प्रदेश २ का प्रमुख तिलक परियारले इस्लाम धर्मावलम्बीहरुको महान पर्व इदुल फित्रका अवसरमा सम्पूर्ण इस्लाम धर्मावलम्बीको सुख, शान्ति, समृद्धि तथा सुस्वास्थका लागि शुभकामना दिएका छन् ।

शनिबार एक शुभकामना सन्देश मार्फत् परियारले शुभकामना दिएका हुन् । धार्मिक तथा सांस्कृतिक विविधताले समृद्ध हाम्रो मुलुकमा यस पर्वले राष्ट्रिय एकता र आपसी सद्भाव थप मजबुत हुनुका साथै हाम्रा मौलिक परम्पराहरुको संरक्षण तथा सम्बर्द्धनमा महत्वपूर्ण योगदान पुग्नेमा उनले विश्वास व्यक्त गरेका छन् ।

विश्व मानव जातिलाई त्रसित बनाइरहेको कोरोना भाइरस (कोविड-१९) को महामारीले यतिबेला हाम्रो मुलुक तथा विशेषगरी प्रदेश नम्बर २ लाई अत्यन्तै जोखियुक्त बनाइरहेको उल्लेख गर्दै उनले यस समवेदनशील घडीमा आफू आफ्नो परिवार र समाजलाई बचाउन हामी सबैमा संयमता र धैर्यताका साथ अघि बढ्ने दृढ सङ्कल्प, कडा अनुशासन र एकताबद्ध सहकार्यको जरुरी रहेको उनले बताएका छन् । 'यसका लागि विश्व स्वास्थ्य संगठन तथा नेपाल सरकारका तीनवटै तहले जारी गरेका सामाजिक दुरी कायम गर्नेलगायतका निर्देशनहरुलाई कडाइपूर्वक पालना गर्नका लागि विशेष अनुरोध समेत गर्दछु' उनले भनेका छन् ।

यस महामारीबिरुद्धको लडाइमा अग्रभागमा खटिएका चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, स्वयम्सेवक तथा सञ्चारकर्मीहरुको उच्च सम्मान गर्दै उनले महामारीबाट ज्यान गुमाउने नेपाललगायत विश्वका सम्पूर्ण जनसमुदायप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै सङ्क्रमितहरुको सिघ्र स्वास्थ्यलाभको कामना समेत गरेका छन् ।

# मलगंवामा पनि कोरोना विशेष अस्पताल

टुडे समाचारदाता

मलगंवा। कोरोना संक्रमितको संख्या बढ्न थालेपछि सर्लाहीमा अस्थाई कोरोना बिशेष अस्पताल खडा गरिएको छ ।

यसअघि बीरगंज र जनकपुरमा कोरोना संक्रमितको लागि आइसोलेसन वार्ड खडा गरिएको थियो । तर, संक्रमितको संख्या ह्वाते बढेपछि दुवै ठाउँमा व्यवस्थापन गर्न शैय्या अभाव भएको हो । अघिल्लो समयमा सर्लाहीमा बढेको संक्रमितलाई व्यवस्थापन गर्न स्थानीय स्तरमै आइसोलेसन वार्ड खडा गरिएको हो ।

गएको दुई दिनमा सर्लाहीमा २८ नयाँ कोरोना संक्रमित पुष्टि भएको छ । संक्रमितको संख्या थपिदै गएपछि जिल्लामा डरत्रासको अवस्था सृजना भएको छ । शनिबार १३ जना संक्रमित थपिएको छ ।

यसअघि शुक्रबार पनि १५ जना कोरोना संक्रमित फेला





परेको थियो । जस मध्ये गोडैता न.पा.का १४ जना र १ जना महिला रामनगर गा.पा.का थिए ।

रामनगर गा.पा.की महिलाको उपचार काठमाण्डौंमै भईरहेको छ भने गोडैता न.पा. मा भेटाएको १४ जनाको उपचार प्रादेशिक अस्पताल जनकपुरमा भईरहेको गोडैताका मेयर देवेन्द्र कुमार यादवले बताए ।

शनिबार भेटाएको १३ जना संक्रमित मध्ये १ जना कविलासी न.पा.को रहेका छन भने १२ जना गोडैता नगरपालिकाका छन ।

कविलासी नपाका संक्रमितको उपचार काठमाण्डुमा भईरहेको छ भने शनिबार भेटिएको गोडैता नं.पा.का १२ जना संक्रमितलाई राख्ने ठाउँ प्रादेशिक अस्पताल जनकपुर र क्षेत्रिय अस्पताल बिरगंजमा नभएपछि सर्लाहीको सदरमुकाम मलंगवामा रहेको सन्तअल्पमाई नर्सिंग कलेजमा बाध्यवस ५० बेडको अस्थाई कोरोना बिशेष अस्पतालको निर्माण गरेको प्रजिअ मोहनबहादुर जिसीले बताए । संक्रमितहरुलाई यस अस्पतालमा ल्याई उपचार प्रकृया अगाडी बढाईने भएको छ ।

# लाखौको अवैध मालसमान बरामद

टुडे समाचारदाता

जनकपुरधाम । धनुषा प्रहरीले भन्सार छली गरेर नेपाल ल्याउँदै गरेको लाखौ मुल्य बराबरको अवैध मालसमान बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय कार्यालयबाट शनिबार खटिगएका प्रहरीले टोलीले जिल्लाको विभिन्न नाकाहरुबाट सो मालसमान बरामद गरेको हो ।

धनौजी गाउँपालिका-४ मुसहरीटोलस्थित प्रहरी सहायक निरीक्षकको कमाण्डमा खटि गएको गस्ति टोलीले भारतबाट नेपालतर्फ ल्याउदै गरेको अवैध मालसमान बरामद गरेको हो । ज ७ प ४०६१ नम्बरको मोसालाई चेकजाचँ गर्दा भन्सार छली गरी ल्याउदै अवैधल मालसमान बरामद गरेको हो ।

राजनिवास १०० पोका (चालिस हजार बराबर), पानपराग पत्ती(सुर्ती) १०० पोका (दश हजार बराबर), खाने तेल मसाल २५ बोतल(तीन हजार बराबर), एक मोटरसाइकल (दुई लाख पचास हजार) बरामद गरेको छ । समानसहित मोसा चालक १८ वर्षिय राकेश यादवलाई नियन्त्रणमा लिई आवश्यक कार्वाहीको लागि जनकपुर भन्सार कार्यालयमा पठाईएको छ ।

यस्तै जनकपुरधाम उपमहानगरपालिका-७कटैयाचौरीबाट जनकपुरतर्फ आउदै गरेको ज ६ प ६०९७ नम्बरको मोसालाई चेकजाँच गर्दा राजनिवास (गुटखा) २५ पोका (पच्चिस हजार बराबर) को बरामद गरेको छ ।

मोसा चालक महोत्तरी जलेश्वर न.पा. ११ बस्ने ३४ वर्षिय जितेन्द्र कुमार साह सहितलाई नियन्त्रणमा लिई आवश्यक कार्वाहीको लागि जनकपुर भन्सार कार्यालयमा पठाईएको छ ।

यस्तै जनकपुरधाम उपमहानगरपालिका-४स्थितवेवारिसे अवस्थामा रहेको राजनिवास ८५ पोका , लहठी १ काटुन र मेसनरी पार्ट - १ बोरा समेत गरी करिब ५१,७००।- बराबरको समानहरु बरामद गरी आवश्यक कार्वाहीको लागि जनकपुर भन्सार कार्यालयमा पठाईएकोछ ।

# पत्रकारको श्रीमतीमा पनि कोरोना

रञ्जन यादव

जीतपुर । बाराका एक जना संक्रमित पत्रकारको श्रीमतीमा पनि शनिबार कोरोना संक्रमण पुष्टि भएको छ । स्वास्थ्य मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिमा करैयामाई गाउँपालिकाका ३७ वर्षीया एक महिलामा कोरोना संक्रमणको पुष्टि भएको उल्लेख छ ।

कोरोनाको संक्रमण पुष्टि भएकी ती महिला यसअघि कोरोना संक्रमित पुष्टि भएको पत्रकारका श्रीमती रहेको बाराका प्रमुख जिल्ला अधिकारी रुद्र प्रसाद पण्डितले जानकारी दिए ।

संक्रमित महिलाको स्वाब ५ दिन पहिले संकलन गरिएको थियो । करैयामाई गाउँपालिका निवासी कोरोना संक्रमित पत्रकारको श्रीमती सहित ९ जना परिवारका सदस्यहरुको स्वाब सङकलन गरिएको थियो । उनको श्रीमती बाहेक सबैको रिपोर्ट नेगेटिभ आएको प्रमुख जिल्ला अधिकारी पण्डितले बताए ।

हालसम्म जीतपुरसिमरा उपमहानगरपालिकामा २ जना ,बिश्रामपुर गाउँपालिकामा एक जना ,बारा प्रहरीका प्रहरी जवानमा एक जना ,करैयामाई गाउँपालिकामा दुई जना र सिम्रौनगढ नगरपालिकामा ६ जना गरी बाराका १२ जनामा कोरोना संक्रमण पुष्टि भईसकेको छ ।

# पसलमा आगलागि हुदा लाखौँको क्षति

टुडे समाचारदाता

जीतपुर । जीतपुरसिमरा उपमहानगरपालिका वडा नं.८



को एक पसलमा आगलागि हुँदा करिब १२ लाख मुल्य बराबरको समान जलेर नष्ट भएको छ । स्थानीय राम प्रसाद महत्तोको पसलमा शुक्रबारराती १ बजे आगलागि भएको थियो ।

आगलागिबाट हार्डवेयरका समान, ग्यास सिलिन्डर, बिउँ, मल, पोटास, खेतमा छर्किने औषधी, डिप फ्रिज, पंखा लगायत करिब १२ लाखको समान जलेर नष्ट भएको पसलका सञ्चालक महत्तोले जानकारी दिए । गम्हरगाँवा गाउँमा एउटै पसलमा हार्डवेयर र बिउँबिजन का पसल सञ्चालनमा थियो ।

आगलागिबाट पसल भएको फुस र बाँसले बनाईएको घर पुर्ण रुपमा जलेर नष्ट भएको छ । के कारणले आगलागि भएको हो भन्ने बिषयमा अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय सिमराले जनाएको छ ।

आगलागि भएको पसलको वडा नं.१० का वडा अध्यक्ष सरोज पटेल, वडा नं.८ का वडा अध्यक्ष रामबाबु पटेल र वडा सदस्य तरुण सहनी लगायतले अनुगमन गरेको थियो ।

# ४ लाखको काठ बरामद

टुडे समाचारदाता

जीतपुर। डिभिजन बन कार्यालय सिमरा बाराले टाँगियाबस्तीमा छापामारी गरी शनिबार लुकाईछिपाई राखेको चार लाख मुल्य बराबरको सालको काठ बरामद गरेको छ । बिशेष सुचनाको आधारमा नेपाल प्रहरी ,सशस्त्र प्रहरी र डिभिजन बन कार्यालयको टोलीले जीतपुर सिमरा उपमहानगरपालिका वडा नं.१६ टाँगियाबस्तीमा लुकाईछिपाई राखिएको १ सय ३३ क्युफिट काठ बरामद गरेको हो ।



बस्तीका बिभिन्न सात वटा ठाउँको बारी तथा गोठमा लुकाईछिपाई राखिएको ११ थान काठको गोलिया र १ सय २६ थान चिरानको काठ बरामद भएको डिभिजन बन कार्यालय बाराका प्रमुख मञ्जुर अहमदले जानकारी दिए । बरामद काठलाई सब डिभिजन कार्यालय तामागढीको नियन्त्रणमा राखि अनुसन्धान प्रक्रिया अगाडि बढाईएको अहमदले जानकारी दिए ।

# कोरोनाका ९ जना घर फर्के

टुडे समाचारदाता

वीरगञ्ज।नारायणीअस्पतालको आईसोलेसनमा उपचाररत रहेका मध्येबाट ९ जना शनिबार डिस्चार्ज भएका छन् । अन्तिम परिक्षणको रिपोर्ट नेगेटिभ आएपछि ९ जनालाई डिस्चार्ज गरिएको नारायणी अस्पतालका मेसु डा. मदन उपाध्यायले बताएका छन् ।

शनिबार डिस्चार्ज भएका ९ जनामा भने पर्सेली पत्रकारहरु छैनन् । आईसोलेसनमै रहेका पत्रकारहरुको पहिलो स्वाब टेस्ट नेगेटिभ आए पनि अन्तिम परिक्षण अझै बाँकी रहेको उनले बताए । अन्तिम पटकको परिक्षण रिपोर्टमा नेगेटिभ आएपछि डिस्चार्ज गर्नसकिने मेसु डा. उपाध्यायको भनाई थियो । अन्तिम परिक्षण भने केहि दिन पछि हुने जनाइएको छ ।

डिस्चार्ज हुनेहरुमा पर्सा र रौतहटका ३-३ जना, बाराका २ जना र एक जना भारतीय नागरिक छन् । शनिबार नौ जना डिस्चार्ज भएसँगै नारायणी अस्पतालमा उपचाररत संक्रमितको संख्या ६२ रहेको छ । अन्य २५ जना संक्रमित भने गण्डक कोभिड अस्पतालमा उपचाररत छन् । यसअघि शुक्रबार पनि २१ जना कोरोना संक्रमित अस्पतालबाट निको भएर डिस्चार्ज भएका थिए ।

# शुल्क छुट दिने सम्बन्धमा पहलको लागि अनुरोध

टुडे समाचारदाता

बीरगंज । बीरगंज उद्योग बाणिज्य संघले आयातित मालवस्तुको कन्टेनरमा लकडाउन अवधीसम्मका लागि सबै सीपिङ्ग कम्पनीहरुले टिटेन्सन शुल्क छुट दिने सम्बन्धमा आवश्यक पहल गरिदिन सरकारसँग अनुरोध गरेको छ ।

हाल बिभिन्न मितिमा आयात भई सिर्सिया सुख्खा बन्दरगाह, बीरगंजमा ४ हजार कन्टेनर थन्किएको जनाउँदै संघले प्रत्येक कन्टेनरको प्रति दिन रु १२ हजारदेखि १५ हजारसम्म टिटेन्सन शुल्क लागिरहेको बताएको छ ।

बिभिन्न सीपिङ्ग कम्पनी मार्फत् नेपालमा आयात भएको मालवस्तुको कन्टेनरको कागजातहरु समाप्मा प्राप्त हुन नसक्दा नेपाल खाद्य विभागबाट अनुमति पत्र उपलब्ध नहुने तथा सबारी साधन एवं बैंकिग सुवधा, जनशक्ति, आवतजावत अनुमति पत्र आदिको समस्याले गर्दा भन्सार जाँच पास हुना नसकी हालसम्म बीरगंज सुख्खा बन्दरगाह तथा बीरगंज एकीकृत जाँच चौकीमा कन्टेनरहरु थन्किएर रहेको छ । अझै थप हुँदै गएको लकाउनको अवधीसम्म सो स्थानमा नै रहने र भन्सार जाँच पास गर्न नसकिने अवस्था रहेको छ । साथै सबै सीपिङ्ग कम्पनीले असुल गर्ने देखिएको छ ।


**नोबेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसंग हात धुने,
- अनावश्यकरुपमाा घर बाहिर र भिडभाडमाा नजाने,
- खोक्दा र हछ्युँ गर्दा नाक र मुख कुहिनोले छाप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसंगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्कीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



## जनकपुर टुडे मिडिया ग्रुपको अपिल

नियमति रुपमा साबुन पानी तथा अल्कोहलयुक्त हेण्ड रबले हात धुने र सेनिटाइजर प्रयोग गर्ने ।

खोक्दा, हाँच्छिउँ गर्दा नाक र मुख हात, रुमाल अथवा हातको कुहिनाको भागले छोप्ने ।

रुगाखोकी, ज्वरो तथा स्वास-प्रस्वासमा समस्या आए नजिकको स्वास्थ्य संस्थामा गएर चिकित्सक संग जाँच गराउने ।

अनावश्यक रुपमा आफ्नो नाक, मुख र आँखा नछुने, छुनु परे राम्ररी हात धोकेर मात्र छुने । मोबाईल फोन लगायत धेरै प्रयोग गर्ने बस्तु सफा राख्ने ।

रुगाखोकी लागेको व्यक्तिसंग दुरी कायम राख्ने, कुरा गर्नु परे १ मिटर टाढा बसेर गर्ने । अनावश्यक भिडभाडमा नजाने ।

माछा, मासु र अण्डा राम्ररी पकाएर खाने । जङ्गली तथा घरेलु पशुपंछीसँगको असुरक्षित सम्पर्कबाट जोगिने ।

जनहितमा जारी संदेश


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९०१०१, E-mail : jtodaynews@gmail.com,todayad@gmail.com, Website : www.ejanakpurtoday.com